अठार वर्षे सञ्चारकर्म

# नव क्षितिज

का.प.जि.प्र.का.द.नं. ५/०५७/०५८

असल शासनका लागि ग्रामिण पत्रकारिता

NAWA KSHITIZ WEEkLY साप्ताहिक

वर्ष- १८ | अंक ३ड | २०७५ पुष ३० गते सोमबार | 14 Jan , 2019 | मुल्य रु. ५/-(उपत्यकामा रु ७/-)







## ज्यालादारी र करारमा भर्ना रोक

संघीय निजामती सेवा ऐनको प्रस्तावित मस्यौदामा ज्यालादारी वा करार कर्मचारी भर्ना गर्न नपाइने भएको छ । सरकारले ज्यालादारी र करारमा कर्मचारी भर्ना गर्न रोक लगाउने गरी कानुनी प्रस्ताव तयार पारेको हो ।

प्रस्तावित मस्यौदामा यस ऐनमा अन्यथा व्यवस्था भएकोमा बाहेक निजामती कर्मचारीले गर्नुपर्ने कामका लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्ति गर्न पाइने छैन । भनिएको छ,तर नेपाल स्वास्थ्य सेवाको कुनै चिकित्सक, स्वास्थ्यकर्मी अध्ययन वा असाधारण विदामा रहेका कारण स्वास्थ्य सेवा प्रवाह गर्न कठिनाई परेमा नेपाल सरकारले करारमा कर्मचारी नियुक्त गर्न सक्ने छ । सँगै कम्प्युटर अपरेटर, सहायक कम्प्युटर अपरेटर, चालक, इलेक्ट्रिसियन, प्लम्बर, माली, सरसफाइ गर्ने कर्मचारी लगायतले गर्ने कामका लागि संस्थासँग करार सम्झौता गराउनुपर्ने मस्यौदामा उल्लेख छ ।
विविध सेवाअन्तर्गत राजपत्र अनंकित प्रथम श्रेणी कम्प्युटर अपरेटर पद र राजपत्र अनंकित द्वितीय श्रेणीको सहायक कम्प्युटर अपरेटर पद छन् । कम्प्युटर अपरेटर पद नायब सुब्बा सरह र सहायक कम्प्युटर अपरेटर पद खरदारसरह हुन्छन् । ती पदहरुमा सरकारले लोकसेवा आयोगमार्फत् परीक्षा लिएर स्थायी पदपूर्ति गर्दै आएको छ । *बाँकि पृष्ठ ४ मा.....*

## जग्गाको कित्ताकाट खुल्यो

१७ महिनाअघि तत्कालीन भूमिसुधार मन्त्री गोपल दहितले कृषि योग्य जग्गाको खण्डिकर रोक लगाउने निर्णय गरेकोमा बिहीबार भूमि व्यवस्था सहकारी तथा गरिवी निवारणमन्त्री पद्मा अर्यालले फूकुवा गर्ने निर्णय लिएकी हुन् ।

तत्कालीन मन्त्रीले गरेको निर्णयविरुद्ध अदालतमा मुद्दा समेत परेको थियो । तर अदालतले ६ महिनाको अवधिमा नै कित्ताकाट गर्ने बाटो खोलिदिएको अवस्थामा ११ महिनापछि कित्ताकाट फुकुवा गरिएको हो । एकातर्फ बिचौलिया मार्फत कित्तकाट भइरहेने अर्को तर्फ सर्वसाधरणले सोझै जग्गा बेच्न नपाएको अवस्थामा यस्तो निर्णय लिइएको मन्त्री अर्यालले बताइन् । कित्ताकाट गर्नको लागि सम्वन्धित स्थानीय तहले सिफारिस गर्नु पर्नेछ । स्थानीय तहले खेतियोग्य जग्गा नभएको पत्र दिएपछि सहजै कित्ताकाट गर्न पाइने ब्यवस्था गरिएको छ ।

## तेमालका विद्यालयहरूमा मातृभाषा

तेमाल/जिल्लाको तेमाल गाउँपालिकाको ३ वटा विद्यालयमा शैक्षिक सत्र २०७६ देखि तामाङ भाषामा शिक्षा कार्यक्रम सञ्चालन हुने भएको छ । भाषा आयोग, भिएसओ, नेपाल र तेमाल गाउँपालिकाको सहकार्य र समन्वयमा यो कार्यक्रम सञ्चालन हुन लागेको हो । विशेष गरि कक्षा १ देखि ३ कक्षासम्म तामाङ समुदायका विद्यार्थीहरुलाई तामाङ मातृभाषाको माध्यमबाट शिक्षा प्रदान गरिने छ ।




'सिकाइ उपलब्धि अभिवृद्धिका लागि मातृभषामा शिक्षा' कार्यक्रम आयोजना गरिएको बाहुभाषिक शिक्षा परामर्श कार्यक्रममा भाषा आयोगका सचिव लोकबहादुर लोप्चानले बताए । तेमाल गाउँपालिका वडा नं. २ मा रहेको वालकल्याण आधाभूत विद्यालय, वडा नं. ५ मा रहेको नारायणस्थान मावि, वडा नं. ८ मा रहेको सेतीदेवी माविमा तामाङ मातृभाषामा शिक्षा कार्यक्रमको लागि परामर्श कार्यक्रम सम्पन्न भएको छ । अभिभावक,कक्षा १ देखि ३ सश्म्मका विद्यार्थी र शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका प्रतिनिधिहरुसँग प्रत्यक्ष परामर्श गरेको थियो । कार्यक्रममा भाषा आयोगका सचिव लालजंग चौहान, भाषाविद अमृत योञ्जन, भाषा आयोगका उपसविच लोकबादुर लोप्चन, पाठ्यक्रम विकास केन्द्रका निर्देशक धनबहादुर श्रेष्ठ लगायत उपस्थित थिए ।

# पोलमा रहेका अरूका तारहरू हटाउदैं प्राधिकरण

नेपाल विद्युत प्राधिकरणको पोल तथा संरचनामा तार प्रयोग गर्ने कम्पनीहरुलाई कानूनी दायरामा ल्याउने तयारी गरे संगै शुल्क नतिरी आफ्नो व्यापार चलाउँदै आएका इन्टरनेट तथा केवुल सेवा प्रदायकहरुमा खैलाबैला चलेको छ ।

आउदो माघ ३ गतेसम्म पनि दायित्व पुरा नगर्ने ती कम्पनीले टागेका तारहरु प्राधिकरणले काट्ने तयारी गरेको छ । शहर कुरुप पारेर शुल्क नतिर्ने कम्पनीलाई प्राधिरणले सूचना जारी गर्दै संझौता गर्न बोलाएको हो । सूचना अटेर गर्ने कम्पनीको तार माघको पहिलो सातादेखि काटिने प्राधिकरणले जनाएको छ । अहिले प्राधिकरणको पोल प्रयोग गरेर इन्टरनेट, केबल सेवा प्रदायकले आफ्नो बजार र व्यापार विस्तार गरिरहेका छन् । कतिपय कम्पनीले प्राधिकरणले न्यूनतम् रकम तिर्न समेत अटेर गर्दै आएपछि प्राधिकरणले अब शुल्क नतिर्ने कम्पनीको तार काट्ने तयारी गरेको जनाएको छ । प्राधिकरणले सम्झौता अनुसार मात्रै आफ्नो पोल तथा संरचनामा अन्य तार प्रयोग गर्न सूचना निकालेको छ । सूचनालाई अस्वीकार गरे र तोकिएको समयभित्र सम्पर्कमा नआए धमाधम तार काटने र आफ्नो संरचनामा रहेका सबै प्रकारका केबल हटाइदिने चेतावनी प्राधिकरणले दिएको छ ।

शहरी सौन्दर्य कुरुप पार्ने र आफूखुशी तार प्रयोग गर्नेलाई कानुनी दायरामा ल्याउन लागिएको प्राधिकरणले जनाएको छ । प्राधिकरणले खडा गरेको संरचनामा कुनै पनि व्यापारिक तथा व्यावसायिक काम गर्नुपर्ने भएमा प्राधिकरणबाट अनुमति लिनुपर्छ । तर, अधिकांश इन्टरनेट सेवा प्रदायकले उक्त स्वीकृति लिएका छैनन् र तोकिएअनुसारको शुल्क समेत नतिरेको पाइएको छ ।

प्राधिकरणको पोल प्रयोग गरेर अप्टिकल केबलमार्फत टेलिभिजन, टेलिफोन तथा इन्टरनेट सेवा दिने कम्पनीलाई पुस १९ गतेको मितिले १५ दिनभित्र माग बमोजिमका कागजात र बैंक जमानतसहित सम्झौता गर्न भनेको छ । प्राधिकरणको अप्टिकल फाइबर केबल सेवा सञ्चालन निर्देशिका २०७३ अनुसार टेलिफोन, टेलिभिज, इन्टरनेट सेवा प्रदान गर्ने कम्पनीले प्रसारण तथा वितरण पोल र टावर प्रयोग गरेमा अनिवार्य स्वीकृति लिनुपर्ने व्यवस्था छ ।

३३ केभी भोल्टेजको अप्टिकल फाइबर प्रयोग गर्दा सेवाप्रदायकले मासिक प्रतिकिलोमिटर प्रतिकोर २ हजार ५ सय रुपैयाँ, ६६ केभी भोल्टेजमा मासिक प्रतिकिलोमिटर प्रतिकोर ६ हजार रुपैयाँ रकम तिर्नुपर्नेछ । भने डिष्ट्रिब्युसन अप्टिकल फाइबरका लागि २४ कोरसम्म मासिक १२ हजार, २५ देखि ४८ कोरसम्म मासिक १९ हजार र ४९ कोरदेखि माथि मासिक २७ हजार रुपैयाँ रकम तिर्नुपर्नेछ । चक्रपथ डटकमको सहयोगमा ।

## बसपार्कका व्यवसायीहरु आन्दोलनमा

बनेपा/बनेपा नगरपालिकासँग वर्षौंदेखि सटर भाडामा लिएर व्यवसाय गर्दै आएका बनेपा बसपार्कका व्यवसायीहरु आन्दोलित भएका छन । नगरले पसल कबलहरु भाडामा दिन बोलपत्रको सुचना निकालेपछि व्यवसायीहरु ६ बुँदे माग राखी आन्दोलनमा उत्रेका हुन् ।

उनिहरुले नियमित भाडा तिरेको अवस्थामा टेण्डर आव्हान गर्दा आफुहरुलाई जानकारी नदिएको भन्दै ६० पसल कबलका परिवारको करिब १२ करोड बराबरको सामानको सुरक्षाको ग्यारेन्टी गरिनुपर्ने, बसपार्क भित्र सुधार गरी व्यवसायीको प्रवद्धन गरिनुपर्ने,ठेकदारी प्रथा रोकिनु पर्ने लगाएतका माग राखी आन्दोलनमा उत्रेको संघर्ष समितिका संयोजक राधेश्याम काफ्लेले जानकारी दिए ।




उनिहरुले आईतवार देखि नगरपालिकामा माग पुरा गराउन भनि धर्ना समेत दिई रहेका छन । बनेपा नगरपालिकाले व्यवस्थित रुपमा भवन नबनाएको समयमा समेत टहराबाटै काभ्रे तथा आसपासका जिल्लाहरुका उपभोक्ताहरुको दैनिक जीवनमा आवश्यक पर्ने सामग्रीहरु बिक्री गरेर सेवा दिदै आएका ६० वटा पसलहरुलाई विस्थापित गराउने उद्देश्यले नगरपालिकाले टेण्डर आव्हान गरेको उनिहरुले बताएका छन् । २० वर्षदेखि बसपार्कमा नगरपालिकाले तोकेको दररेटमै आफुहरुले भाडा तिरेको र आगामी दिनहरुमा समेत तिर्न तयार रहेको पनि संघर्ष समितिका संयोजक काफ्लेले बताए ।

## च्याम्राङबेशीमा बन्यो प्रहरी भवन




च्याम्राङबेशी/जिल्लामा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको आर्थिक सहयोगमा प्रहरी चौकी पुननिर्माणले तिव्रता पाएको छ । अहिले सम्म जिल्लाका छ स्थानमा प्रहरी चौकी निर्माण गरिएको छ ।

ढुङखर्क,चौबास,पाँचखालको बालुवा,कात्तिके देउराली र जिल्ला प्रहरी कार्यालयको भवन निर्माण कार्य सम्पन्न भईसकेको जिल्ला प्रहरी प्रमुख रविराज खड्काले जानकारी दिए । २०७३ साल फागुनबाट निर्माण कार्य सुरु भएको प्रहरी चौकी धमाधम निर्माण सकिएर हस्तान्तरण भइरहेका छन ।
बिहीबार बेथान्चोक-२,च्याम्राङबेशी ढुङखर्क प्रहरी चौकीको प्रदेश न ३ का प्रहरी प्रमुख दीपककुमार थापाले उद्घाटन गरे । कार्यक्रममा उनले प्रहरीको माग दिनदिनै बढ्दै गएको भएपनि कम जनशक्तीका कारण सबै स्थानमा पुर्‍याउन असम्भव रहेको बताउदै डीआइजी थापाले प्रहरीको एकल प्रयासबाट मात्रै अपराध नियन्त्रण नहुने भएकाले प्रहरी समुदाय साझेदारी कार्यक्रम ल्याएको बताए । दुई करोड ३६ लाख ४ सय ५० मा निर्माण सम्पन्न भएको चौकि १० आना १ दाममा बनेको छ ।
कार्यक्रममा,बेथानचोक गाउँपालिका प्रमुख प्रेमबहादुर तिमल्सिना,संघीय प्रहरी इकाईका प्रमुख सौरभ राणा, सहायक प्रमुख जिल्ला अधिकारी किरण थापा लगाएतले प्रहरीलाई सहयोग गर्दा मात्र अपराध नियन्त्रणमा सहजकता हुने बताएका थिए ।

## सहकारीलाई सरकारको पहिलो प्राथमिकता:-मन्त्रि बाँस्कोटा

ज्याम्दी/सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुल बाँस्कोटाले स्थानीय तहमा छरिएर रहेको पुँजीलाई सहकारी मार्फत संकलन गर्ने सरकारले नीति लिएको भन्दै सहकारीलाई सरकारले पहिलो प्राथमिकता दिएको बताएका छन् ।

मण्डनदेउपुर-१२ मा रहेको ज्याम्दी बचत तथा ऋण सहकारी संस्था लि.को २० औं साधारणसभामा बोल्दै मन्त्री बाँस्कोटाले स्थानीय तहमा सहकारीहरु खोल्न केही संक्रमण काल भएकाले व्यवस्थापनमा केही ढिलाई भएको भए पनि स्थानिय तहलाईनै अधिकार सम्पन्न गराएर छरिएर रहेको पँजीलाई संकलन गर्नें लक्ष्य रहेको बताए । मन्त्री बाँस्कोटाले सहकारीको अपडेट तथा स्तरोन्नतिमा सरकारले ध्यान दिने बताउदै सरकारले राजकीय,निजी र सहकारी क्षेत्रको पुँजी परिचालनलाई प्राथमिकता दिएको बताए । सहकारीलाई तीन खम्बे अर्थनीतिको रुपमा सरकारले अगाडि बढाएको भन्दै उनले सहकारीलाई गरिबी निवारणको माध्यम बनाउने बताए ।








"घरघरमा गोबर ग्याँस प्लान्ट राखौं प्रदुषणरहित ढुक्कको जीवन बिताउँ । बायोग्याँस प्लान्ट निर्माण एवं यसमा प्रयोग हुने सामाग्रीका साथै सल्लाह र सुझावका लागि सम्झनुहोस् । अल नेपाल बायोग्याँस कम्पनी प्रा.लि. बनेपा बसपार्क पछाडि आत्मज्ञान प्रचार संघको भवन अगाडि काभ्रे फोन नं. ०११-६६३६७७"

नव क्षिजित साप्ताहिक




काभ्रे नवक्षितिज प्रकाशन प्रा.लि.द्वारा
प्रकाशित **नवक्षितिज साप्ताहिक** का लागि

अध्यक्ष/प्रधान सम्पादक : नवराज बजगाई
कार्यालय : बनेपा-१०, बसपार्क, काभ्रे
फोन/फ्याक्स : ०११-६६३६७७, ९८५१०१०४६८, ९८४१३००४६९
E-Mail : nrbajagain@yahoo.com
nrbajagain@gmail.com
Website : www.nawakshitiz.com.np
ग्राफिक : क्षितिज डेक्सटप
मुद्रण : सर्वश्री क्वालिटी प्रिन्टर्स, बनेपा


## सम्पादकीय

# फुर्सदमा पछुताउने काम नहोस

जिल्लाको नमोबुद्ध नगरपालिकाको गत २०७४ चैत्रमा बसेको नगरसभा र कार्यपालिकाको बोर्ड बैठकले नमोबुद्धमा संञ्चालित इट्टा उद्योग बन्द गर्ने निर्णय गरे संगै स्थानियमा प्रदुषण मुक्त हुने आशा पलाएको थियो तर शनिवार नगरपालिका र उद्योगीहरुबिच ईट्टा भट्टा संचालन गर्ने सहमती भए पछि पुन स्थानियमा त्रास बढेको छ।

नगर प्रमुख टिपी शर्माले आफु नगरपालिकाको प्रमुख भएदेखि नै ईट्टा उद्योग नविकरण नगर्ने पक्षमा रहेको बताई रहेको र ईट्टा उद्योग नविकरण नगर्ने एवं उद्योगलाई जग्गा समेत भाडामा नदिन नमोबुद्ध नगरपालिकाले पटक–पटक सूचना जारी गरेपनि अन्ततः नगरसभा र कार्यपालिकाको बोर्ड बैठकको निर्णय समेत सच्चाउदै शनिवार पत्रकार सम्मेलनको आयोजना गरेर २०७६ साल असार मसान्तसम्मलाई समय सिमा थप्ने निर्णय गरेको हो।

नगरपालिकाले आर्थिक बर्ष २०७४/०७५ सम्म नविकरण भएका इट्टा उद्योगलाई २०७५/०७६ नविकरण नगर्ने निर्णय समेत गरेको छ। लगानी गरिसकेको हुनाले उद्योग विस्थापन गर्न नहुने अडान व्यवसायीको र ईट्टाभट्टाबाट निस्केका धुँवा, धुलो र ध्वनीबाट जनस्वास्थ्य र वातावरणमा प्रत्यक्ष नकारात्मक असर परेकाले विस्थापन गर्नु परेको नगरपालिकाको अडान थियो । ब्यवसायीहरुले यो पटक पनि इट्टा बनाउन लगानी गरिसकेको र पुरानो इट्टाको समेत ब्यवस्थापन गर्ने गरी केहि समय छुट्याइएको पत्रकार सम्मेलनमा नगर प्रमूख शर्माले जानकारी दिएका छन । लगानी कसैको पनि डुब्नु हुदैन यो सकारात्मक विषय हो। समय दिँदा दिदैँ पनि अहिले जस्तै असार पछि पनि ब्यवसायीहरुले नहट्ने अडान राखे भने त्यो बेला फेरि नगरको निर्णय सच्चाउने अवस्था नआउला भन्न सकिन्न। त्यसैले हतारमा गरेर फुर्सदमा पछुताउने काम नहोस । जनताको स्वास्थ्य प्रति नगर जिम्मेवार बन्नै पर्छ। असार पछि फेरि पनि उधोग सञ्चालनको अवस्था नबनोस।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| वीर अस्पताल | ४२२३८०७/४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२४०४ |
| कान्ति बाल अस्पताल | ४४१४७९८ |
| प्रसुति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६/४२५३९५ |
| नेपाल आँखा अस्पताल | ४२५०६९२ |
| पाटन अस्पताल | ५५२२२९५/५५२२२६६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| काठमाडौं मोडल अस्पताल | ४२४०८०६ |
| बी एण्ड बी अस्पताल | ५५३१९३० |
| **काभ्रेका अस्पताल** | |
| शीरमेमोरियल अस्पताल | ६६११११ |
| धुलिखेल अस्पताल | ४९०४९७ |
| अपाङ्ग बाल अस्पताल | ६६१६६६ |
| धुलिखेल आयुर्वेदिक अस्पताल | ४९०५०१ |
| **एम्बुलेन्स** | |
| अरनिको यातायात सेवा समिति | ६६२००८ |
| नेपाल रेडक्रस काभ्रे | ६६१४३१ |
| द रेयुकाई नेपाल, बनेपा | ६६१५८० |
| के एण्ड के एम्बुलेन्स | ६६१४९३ |
| श्रीखण्डपुर एम्बुलेन्स | ६६३१०१ |
| समाजसेवा समूह | ६६१५१९ |
| **शववाहन** | |
| काभ्रे बस व्यवसायी संघ | ६६२०३७ |
| वारुण यन्त्र | १०१ |
| **प्रहरी** | |
| प्रहरी कन्ट्रोल | १०० |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| जिल्ला प्रहरी कार्यालय काभ्रे | ४९०२०२ |
| इलाका प्रहरी कार्यालय, बनेपा | ६६३०८५ |
| इलाका प्रहरी कार्यालय, पाँचखाल | ६६०३१० |
| जिल्ला ट्राफिक प्रहरी | ६६३०८९ |
| **सरकारी कार्यालय** | |
| जिल्ला प्रशासन कार्याल | ४९०१२३ |
| जिल्ला अदालत | ४९०२२१ |
| जिविस काभ्रे | ४९०२४७ |
| धुलिखेल नगरपालिका | ४९०२७४ |
| बनेपा नगरपालिका | ६६१२८१ |
| पनौती नगरपालिका | ४४०५३८ |
| नेपाल विद्युत् प्राधिकरण | ६६११९९ |
| नेपाल टेलिकम | ६६१४०० |
| खानेपानी संस्थान | ६६१२२० |

## कृषि डायरी

# व्यवसायिक हलुवावेद खेति



गतांकबाट......

प्रति खाडलमा २५ के.जी. कम्पोष्ट मल र ५० ग्राम मिश्रित मल ( नाईट्रोजन, फास्फोरस र पोटास १०:८:५ को अनुपात राखी मिसाउने) पर्ने गरी र माथिल्लो सतहको माटोसंग मिसाएर खाडल पुर्नु पर्दछ बिरुवाको आकार बिरुवाको आकार बिरुवाको आकार बिरुवाको आकार हलुवावेद बिरुवाको आकार चाहेको जस्तो बनाउन रोपेको पहिलो वर्षको बोटमा ३–४ कोपिला राखी ५०–६० से.मी.को उचाईमा टुप्पो काटी दिनु पर्दछ।

विरुवाको आकार बनाउँदा सुधारिएको केन्द्रीय नेता प्रणाली (Modified Cen-tral Leader System) र खुल्ला केन्द्र प्रणाली(Open Centre System) अपनाउन सकिन्छ। यी तरीकाहरुबाट बिरुवाको आकार बनाउँदा बिरुवाको सम्पूर्ण भागमा एकनाशले घाम लागोस भनेर बिरुवाको भित्री भागको हाँगा हटाई मुख्य हाँगाहरु छानेर राख्नु पर्छ।

फल लाग्ने बानी

हलुवावेदमा फूल फुल्ने बानी नास्पातीको जस्तो नभै पहिलो वर्षको नयाँ आउने हाँगाको मुनाको टुप्पामा फूलको कोपिला लाग्छ। हलुवावेदको नयाँ हाँगाको टुप्पामा ३–४ वटा फूल फुल्दछ । यिनै हाँगाको बीचमा फल लाग्छ । हलुवावेदमा वैशाख, जेष्ठसम्ममा फूल फुल्दछ । त्यस समयमा पर्याप्त मात्रामा घाम लाग्ने हुँदा फूल पनि प्रशस्त फुल्दछ।

काँटछाँट र तालिम

हलुवावेद बिरुवाको सुषुप्त अवस्थामा पात भरेको हुन्छ त्यस समयमा यसकोकाँटछाँट अनिवार्य गर्नु पर्दछ। काँटछाँट गर्ने उचित समय पौष, माघ महिना हो। काँटछाँट गर्दा बिरुवाको मुख्य हाँगा, सह मुख्य हाँगा तथा सहायक हाँगालाई बिचार गरी बिरुवाको सम्पूर्ण भित्री भागमा सूर्यको प्रकाश पुग्ने गरी काँटछाँट गर्नु पर्छ। काँटछाँट गर्नु अघि बिरुवाको हाँगा कता फर्काउने हो सो बिचार गरी काट्नु पर्छ। काँटछाँट गर्दा मुख्य र सह मुख्य हाँगालाई सिधा माथि जान सक्ने हिसाबले काँटछाँट गर्नु पर्छ। यदि हाँगा बलियो छैन भने राम्रो र बलियो हाँगा बनाउनलाई हार्ड प्रुनिङ गर्नु पर्दछ। सह हाँगाबाट फल लाग्ने हाँगाहरुनिस्केको हुन्छ र बाक्लो भएको ठाउँमा मात्र काँटछाँट गर्नु पर्छ। फल लाग्ने हाँगाको काँटछाँट गर्दा हाँगाको टुप्पामा रहेको कोपिलाहरु मध्ये फूल फुल्ने कोपिलाहरु छन् भने काट्न हुँदैन । हलुवावेदमा हाँगाको टुप्पामा मात्र फूलको कोपिला लाग्ने हुनाले यस कुरालाई दृष्टिगत गरी हाँगा छोट्याउने कार्यलाई कम र बाक्लो हाँगाहरु मात्र हटाएर काँटछाँट काँटछाँट गरिएको वोट गर्दा बिरुवा बलियो र वर्षेनी फल फलाउन सकिन्छ । फूल फुल्ने तथा फल लाग्ने फूल फुल्ने तथा फल लाग्ने फूल फुल्ने तथा फल लाग्ने फूल फुल्ने तथा फल लाग्ने फूल फुल्ने तथा फल लाग्ने हलुवावेदमा भाले र पोथी फूल छुट्टाछुट्टै फुल्छ । पोथी फूल मात्र फुलेमा परागसेचनको कमी हुन जान्छ। त्यसैले परागसेचन गर्न भाले फूल बढी फुल्ने जात जेन्जीमारो पनि साथमा लगाउनु पर्छ। मौरी पालन गरिएको छ भने पनि मौरीले पराग सेचनमा मद्दत गर्छ। हुनत हलुवावेदमा परागसेचन बिना पनि फल लाग्दछ। परागसेचन भएमा फल झर्ने समस्या कम हुन्छ र केही हलुवावेदको जातमा परागसेचन भएपछि मात्र टर्रोपना हट्ने गर्दछ । साथै परागसेचनबाट गुणस्तरयुक्त फल उत्पादन हुन्छ।

हलुवावेदको कोपिला, फूल र फल छाँट्ने हलुवावेदमा खाद्यतत्व तथा मलखादको राम्रो व्यवस्था भएमा प्रशस्त नयाँकोपिलाहरु लाग्ने हुँदा कोपिलाको मुना बढ्नु अगावै अनावश्यक मुना भाँच्नु पर्दछ । यसले गर्दा आवश्यक पोषक तत्व नष्ट हुँदैन र बिरुवा स्वस्थ समेत रहन्छ। हलुवावेदको हाँगा सरदर १५ से.मी.भन्दा लामो हाँगामा २ वटा मात्र फल राख्ने हिसाबले फल छाँट्नु पर्छ। हलुवावेदको फल छाँट्दा नयाँ हाँगाको बृद्धि हेरी फल छाँट्नु पर्छ। फल छाँट्दा सानो र नराम्रो आकारको चिचिला मात्रै हटाउनु पर्छ। फल छाँट्दा १५–२० पात बराबर १ फलको अनुमानित हिसाबले छाँट्नु पर्छ । यदि नयाँ हाँगामा ५–७ वटा पात भन्दा कम भएमा त्यस्तो हाँगामा फल लाग्न दिन उचित हुँदैन। यस्तो हाँगामा फलेको फलको गुणस्तर कायम गर्न सम्भव हुँदैन र सुक्ष्म तत्व पनि पुऱ्याउन सकिदैन। त्यसैले फलको आकार, रङ,स्वादिलो र साईज राम्रो बनाउन फल छाँट्ने अनिवार्य रुपमा गर्नु पर्छ। फल छाँट्ने समय अकसर जेष्ठ–आषाढ महिना उपयुक्त मानिन्छ।

फल टिप्ने समय र फल ग्रे

हलुवावेद टिप्नको लागि सिधै हातले नभै फल टिप्ने कैचीबाट टिप्नु पर्छ। हलुवावेदको फलको बाहिरी रङ्ग आउनु भन्दा अघिनै भित्री गुदी पाकि सकेकोहुन्छ । साधारणतया फलको बोक्राको रङ्ग ७५ प्रतिशत जति पहेंलो भएमा फल टिप्न शुरु गरे हुन्छ। फल टिप्नु भन्दा अगाडि फलको रङ्ग नाप्ने ( कलर चार्ट) को सहायता लिई टिपेमा रङ्ग चढे नचढेको थाहा पाउन सकिन्छ र फलको मूल्यमा घटबढ हुँदैन। यदि फल बढी परिपक्व भएमा चराचुरुङ्गी, कीरा र अरिङालले नोक्सानी पुऱ्याउन सक्छन्।

ग्रेडिङ टिपी सकेको फललाई बजारमा उचित मूल्यमा विक्री गर्न फल ग्रेडिङ गर्नु पर्छ। ग्रेडिङ गर्दा ३ तहबाट गर्नु पर्छ।

(१) सबभन्दा राम्रो बनावट, आकार, रङ को चमक, स्वादमा मिठो, दाग नलागेकोलाई पहिलो ग्रेड बनाई छान्ने।

(२) केही दाग भएको, फलको औसत तौल मझौला र ङ, आकार प्रकार नमिलेकोलाई दोश्रो ग्रेडमा राख्ने।

(३) सानो फल, दाग लागेको, टुटफूट आदिलाई तेश्रो ग्रेड बनाई ग्रेड अनुसार प्याकिङ गरी बेच बिखन गर्नु पर्छ।

हलुवावेदको बिरुवा उत्पादन

हलुवावेद फलफूल बिरुवा उत्पादन गर्न रुटस्टकको लागि स्थानीय जातको हलुवावेदको बीउ प्रयोग गर्न सकिन्छ।

हलुवावेदको रुटस्टक तयारी

हलुवावेदको रुटस्टक तयारी स्थानीय हलुवावेदको जरा बलियो र केही रोगहरु अवरोधक हुने भएको हुँदात्यस खालको हलुवावेद बीउ संकलन गर्नुपर्छ। यी बीउलाई छायाँमा सुकाउने र थैलोमा हाली भण्डारण गर्न सकिन्छ। आउँदो वर्षको वसन्त ऋतु शुरु हुनासाथ नर्सरीमा ड्याङ्ग बनाई बीउ रोपेर रुटस्टक उत्पादन गर्न सकिन्छ। रुटस्टक तयार गराउँदा घटिमा पेन्सील साईजको मोटाई हुनु आवश्यक हुन्छ। रुटस्टक बीउ रोप्ने समय वसन्त कालिन समयमा अर्थात फाल्गुण–चैत्रमा बीउलाई नर्सरी ब्याडमा १५–२० से.मी.को फरकमा तयारी गरेको ड्याङमा ५ से.मी. गहिरोमा रोप्नुपर्छ।

गर्मीको आगमन भएपछि त्यस नर्सरीबाट रुटस्टक उम्रिन्छ । उम्रि सकेकोरुटस्टकलाई सिधा हुने गरी तयार गर्ने र त्यस पछि आउने पौष–माघदेखि फागुन–चैत्रसम्ममा सिसाकलमको साईजको रुटस्टक तयार हुन्छ। त्यस रुटस्टकमा ५ से.मी. माथिको भागमा काटी कलमी गर्न सकिन्छ। जुन तरीकाबाट बढी बिरुवा सफल हुन्छ त्यही तरीका अपनाई कलमी गर्न सकिन्छ।

बिरुवा उत्पादन तथा प्रसारण ( वानस्पतीक प्रसारण) बिरुवा कलमी गर्नको लागि चाहिने साईन तयार गर्न हिउँदमा काँटछाँट गर्दा राम्रो कोपिला भएका १ वर्षे नयाँ हाँगा जम्मा गरी सुख्खा नहुने गरी शित भण्डारणमा राख्नुपर्छ। कलमी गर्ने केही दिन अघि भण्डार गरिएका हाँगाहरु झिकी २–३ कोपिला (आँख्ला) राखी काट्नु पर्छ। त्यसरी तयार गरिएको साईनलाई मैन उमाली तयार गरेको मैनमा डुवाएर तुरुन्तै झिकी हाल्नु पर्छ। ...क्रमश....

# कृत्रिम गर्भाधान :गुण सुधारको एक उपयोगी प्रविधि

–डा.केदार कार्की

पृष्ठभूमिः

दुग्ध व्यवशाय कुनै बेला समग्र कृषि पेसाको सहायकको रुपमा मानिन्थ्यो । तर आज समग्र पशुपालन साथै दुग्ध व्यवसाय ग्रामीण तथा सहरी क्षेत्र वरपरका ठाउँमा आम्दानी, रोजगारी तथा वैदेशिक मुद्रा आर्जनको एउटा भरपर्दो कृषि व्यवशायको रुपमा आफ्नो उपस्थिति देखाउन सफल भएको छ । अन्न खेतीसँग गाईभैंसी पालनको एक सहयोगी, पुरक तथा दिगो मितेरी गाँसिएको छ।

हाम्रो जस्तो मुलुकको समग्र पशुपालन क्षेत्र विविध जैविक विविधताले परिपूर्ण छ भन्दा अतिसोयोक्ति नहोला । तर तीनको प्राकृतिक शुद्धताको रक्षा एवं तीनको नश्लनोत्तरीका लागि कुनै योजनावद्ध कार्यक्रम नहुँदा, साथै उन्नत पशुहरुमा पनि यसो गरिन नसक्दा ती हराएर जाने एवं आफ्नो वंशानुगत पहिचान गुमाउने खतरा देखिन्छ। हाम्रा आफ्ना अछामी, लुलु प्रजातिको अवस्था हेरे पुग्छ। यसरी अनियन्त्रित रुपमा गरिने पशु प्रजनन प्रकृयका कारण मौलिक वंशानुगत पहिचान त ती पशुले गुमाउँछन् नै तीनको उत्पादन क्षमता पनि ह्रास हुने खतरा बढेर जाने सम्भावना हुन्छ। त्यस्ता पशु पालेर दुग्ध व्यवशायलाई कुनै फाइदा पुग्दैन । त्यसैले आजका हाम्रा गाईभैंसीका बथानलाई दरिद्रहरुको भीड भने हुन्छ। उत्पादन न्यून, संख्या बढी, आवश्यक घाँस, पराल र स्याहार अनि पशु स्वास्थ्य सेवाबाट वञ्चित । आजको बढ्दो जनसंख्या, बढ्दो सहरीकरण एवं बस्ती विकासको युगमा समग्र अन्न खेती गरिने क्षेत्र घट्दै छ। त्यसकारण पशुपालनका लागि ठाउँको सीमितता पनि घट्दो छ । यस्तो अवस्थामा आजको पशुपालन क्षेत्रको आवश्यकता भनेको उत्पादनशिल पशुहरुको संख्यामा वृद्धि गर्नुपर्ने तथा न्यून उत्पादनशील पशुहरुको न्यूनीकरण गरिनु पर्ने देखिन्छ। जस्ले गर्दा प्रति पशु उत्पादन वृद्धि भई जनमानसलाई आवश्यक पर्ने पशुजन्य प्रोटिनको आपूर्ति सहज होस्।

त्यसै प्रशंगमा आज पशुहरुको उत्पादकत्व वृद्धि गर्ने विभिन्न जैविक प्रविधि प्रयोगमा विश्वभरि नै प्रयोगमा ल्याइएको छ, जसमध्ये विश्वमै बढी प्रचलनमा प्रयोग हुने भनेको कृत्रिम गर्भाधान प्रविधि नै हो।

कृत्रिम गर्भाधान प्रविधिको ऐतिहासिक पृष्ठभूमि

क्षेत्रका काठे व्याड क्रमशः हटाउँदै कृत्रिम गर्भाधान प्रविधिको व्यापकता फैलाउन सकिन्छ । बेलैमा तरल नाइट्रोजनको उपलब्धता अनि बैलैमा कार्यक्रम सञ्चालन भएको थलोमा सहज आपूर्ति व्यवस्थापन हाम्रो जस्तो भौगोलिक अवस्थितिमा कम चुनौतिपूर्ण छैन। कृत्रिम गर्भाधान गराउने प्राविधिक यस विषयमा कति जानकार छ, अनि दक्षताको अनुभव कति बोकेको छ यो पनि एउटा यक्ष प्रश्न हो । निराकरण नगरी मात्र कृत्रिम गर्भाधान प्रविधिको प्रयोग शुरु गरेको घोषणा गर्नु आत्मघाती हुनेछ। दुग्ध उत्पादन क्षेत्रमा यसरी यस प्रविधिको प्रयोगबाट परिवर्तित अनुवंशका वर्णाकर भालेको व्यवस्थापनको सुनिश्चितता नगर्ने हो भने यसबाट उत्पन्न समस्याले यस प्रविधिको त्यस क्षेत्रमा सञ्चालन गर्न अवरोध गर्ने देखिन्छ । अन्यत्रको अनुभव पनि यस्तै छ।

कृत्रिम गर्भाधान केन्द्रमा आवश्यक वीर्यको मात्राको नियमित सहज निरन्तर आपूर्ति व्यवस्थापन, कृतिम गभाृधान गर्ने प्राविधिकको निरन्तर उपलब्ध रहने सुनिश्चितता, सर्विजनिक बिदामा समेत नभएमा ऋतुकालको ऋतुचक्रको उपयुक्त समय चुकेमा यसले कृषकको मनोविज्ञानमा पार्ने प्रभाव आफ्नै ठाउँमा छ । कृत्रिम गर्भाधान केन्द्रमा यस प्रयोजनको लागि प्रयोग गरिने औजार एवं सामग्रीहरुको उचित निर्मलीकरण एवं निसंक्रमणका लागि आवश्यक सामग्रीको व्यवस्था नगरिने हो भने त्यै धारा, खोलाको पानीले धोई पखाली प्रयोग गरिएका उपकरणबाट गरिने कृत्रिम गर्भाधानले कृत्रिम संक्रमण गर्ने छ । त्यसको कृषकमा पर्ने मनोवैज्ञानिक प्रभावको न्यूनीकरणका लागि सोच्ने कि –

कृत्रिम गर्भाधान प्रविधिको प्रभावकारिताका लागि के सुधार गर्नु जरुरी छः

सफल कृत्रिम गर्भाधान हुन प्रयोग गरिएको वीर्यको क्षमताको गुणस्तर, गर्भाधान गर्नु भन्दा पहिले गरिएको पूर्व तयारी ऋतुको चक्रको उपयुक्त समयमा गरिएको गर्भाधान, उपयुक्त ठाउँमा वीर्यको निशेचन पाठेघरमा प्रयोग गरिएका औजार, उपकरणहरु उचित निर्मलीकरण तथा निसंक्रमण अघिको उपयुक्त माखेसाँग्लो मिले न मिलेकोमा भर पर्न सक्छ। यी मध्ये कुनै एकमा हुने त्रुटिले बाँझोपन त बढ्ने हो।

वीर्य व्यवस्थापनः

क) वीर्य निरन्तर तरल नाइट्रोजनमा डुबाएर संचय गर्ने।

ख) वीर्य ओसार पसार गर्दा लिक्वीड नाइट्रोजनको भाँडोमा यथेष्ट मात्रामा तरल नाइट्रोजन ग्यास हुनु पर्छ।..क्रमश.....

# नवरस

-भैरव अर्याल
जयभुँडीबाट

## लाहुरेको यात्रासंस्मरण

गतांकबाट क्रमश...............

‘होे, मामा तिमी पनि यहाँ’ ? मामालाई झम्टँदै मैले पनि सोधिहालेँ– ‘उता लाहुर गएको भन्थे– यहीँ हो कि क्या हो लाहुर’ ? मलाई आफूले तानिरहेको रिक्सामा बस्ने अनुरोध गर्दै मामाले भने– ‘तिमी अलि सोझा छौ भान्जा ! नेपालीको निम्ति डाँडो काटयो कि लाहुर ! तिमी कता नि’ ? मैले चकित भावमा जबाफ दिएँ– ‘म पनि लाहुरतिर लागेको ! ’

‘लाहुर त लाहुर, तिमी साँच्चीकै लाहुर पुग्गतांकबाट क्रमश......
लादमीले यो कस्तो कुरा गरेका हुन्, म त लक्क न बक्क भै जिल्लिँदै थिएँ, बूढी आमै भने जिस्क्याइएको जँडयाहाझैँ पाखूरा खैँचेर सराप्न थालिन्– ‘तीर्थ जान लागेका मेरा छोरीबेटीसँग आँखा जुधाउने तँ लुठलाई पख्लास् !’

वास्तवमा त्यो बिचरो भलादमीले आँखा जुधाएकै थिएन है, नभएको कुरा भन्नु पाप लाग्छ,तर बूढी किनकिन त्यसै रन्किन् र मसित भन्न थालिन्–

‘ हेर्नोस् न बाबू, के मैले यी केटीहरूलाई भागीरथीमा बगाइदिउँला त’ ? भलादमीले भने – ‘भागीरथीमा बगाए त केही थिएन, माझीले उताथ्र्यो, तर चचार पाथि चनामा मोलाउली भन्ने पो डर त ।’ यो औंडेखौंडे कुरा के हो, मैले भने आधुनिक साहित्यजस्तै सबै बुझेर पनि केही बुझ्न सकिनँ ।

‘असार–साउनको माटो, बाइरोडको बाटो ।’ डाइभर रमले रन्न, ट्रक यात्रुले टन्न । अब चाहियो के र ? एकछिन त थचाराथचार धक्कमधक्काले निकै स्वाद चखाएको थियो, तर जतिजति ट्रक उँभोउँभो लाग्दै गयो, उतिउति आफ्नो हंस भने उँधोउँधो हुँदै गयो । तैपनि वीरको यात्रा वीरताकै माफिक हुन्छ भन्दै बूढीका चेलीबेटीलाई म आश्वासन दिँदै थिएँ– तीर्थ जानेलाई केको डर ? बाँचे वाराणसी, मरे अमरावती । तर, नढाँटीकन भनूँ भने आफूलाई चाहिँ सन्देहै थियो । बाँचे त म लाहुर पुग्छुपुग्छु मरे कहाँ पुग्छु ? स्वर्ग कि नरक ? स्वर्गै पुग्न त अमरावती इन्स्योरेन्सन कम्पनीका एजेन्ट–बाजेहरूलाई खीर खुवाएकै छैन । जे होस्, वीरजातिको सन्तान भएकोले बाबुबाजेले कमाइदिएको नामकै भरमा चित्रगुप्तले कमसेकम सेकेन्ड क्लास सिट त कसो नदेलान् !

म आफ्नै सोचाइमा एकसुर थिँए, पछाडिबाट कोट्टयाउँदै एक जना साहूजीले भने... ? तपाईं लाहुर जाने भए त्यतातिर रायोको सागको माग विचार गर्नुहोला है ! नभए एजेन्ट बनेर प्रचार गरे कमिसन पनि दिउँला । मेरो व्यापार चानचुने छैन बुझ्नुभो, यसपालि मात्रै पाँच हजारको साग निकासी भयो ।’ आफ्नो मूल राष्ट्रिय तरकारी पनि विदेश निकासी गर्ने साहुको कुरा सुन्दा मरो भने साह्रै चित्त दुख्यो र भनिहाले – ‘बिहानबेलुका अरु थोक केही नपाए पनि डुकुको झोलसित ढिँडो पुकुपुकु निल्न सकिन्थ्यो, त्यही डुकु पनि निकासी गरिदिएपछि त तरकारी मात्रै होइन, भोलिदेखि तिहुनकै समस्या त पर्दैन’ ? साहूले बीचमै कुरा काट्तै भने– ‘तिहुनको समस्या झन् टर्छ । गहिरिएर हेर्नोस् त, यताबाट सागका मुठा पठायो, उताबाट सब्जीको डिब्बा झिकायो । मीठोको ठाउँमा मीठो, छिटोको ठाउँमा छिटो, कुरा बुझ्नुभएन ? यस्तै हुन्छ चतुरहरूको व्यापार ! ’

साहूको कुरा मलाई मनासिबै लाग्यो । आजको जमानामा पनि उहाँको झिलिमिली रेडिमेड ‘सब्जी’ खान छाडेर टुकुचामा पखालेको डुकुचा को केलाइरहोस् । सरकारी काममा होस् कि तरकारी खानमा होस्, सबैतिर छिटोछरितोपनको आवश्यकता छ आज, आधुनिक सभ्यता भनेकै यही न हो !

साहूजीसित कुरा गर्दागर्दै आफू त सातघुम्तीमा हाराबारा तोरी गर्दै घुम्न पुगिसकिएछ । भक्तिनी बुढिया रामराम भन्दै थिइन्, तर ड्राइभर हराम परेकोले ट्रक झन्झन् वेगसित घुम्न थाल्यो । घच्चाघच्ची गर्दागर्दै लागेछ क्यार चौधरीज्यूलाई ! कालोकालो अनुहारलाई रिसले झन् कालो पार्दै झपारिहाले– ‘पहाडिया लोग मूर्ख होते हैं । सडक बनवा दी है हम लोगों ने, घच्चा देते हैं हमें ही । जरा सन्मान के कायदे सीखो ।’ आफूले त पक्की भाषा जानेको भए पो बुझ्नु ! पक्की बात गर्न पनि कि लाहुर हुनुपर्छ कि जोगी हुनुपर्छ यहाँ । तैपनि शिष्टतापूर्वक चौधरीज्युलाई भनेँ– ‘बाटोमा कहिलेकाहीँ घच्चा लाग्छ हजुर ! नरिसाउनोस् ।’ चितुवाका जस्ता आँखा एक पटक तरेर उनकी श्रीमतीले भनिन्– ‘आइन्दा ऐसा मत करना, कहाँ जा रहे हो ? हमारे यहाँ नौकर बैठेगा’ ? यो कुराले भने मलाई यस्तरी रनक छुटायो कि फट्कारेर भनिदिएँ– ‘म त लाहुर पस्न लागेको पो त, तिमीकहाँ नोकर बस्छु’ ? ? बैठोगे तो तुम्हें हम दरबान भी बना देंगे ? भनी चौधरनी भाउजू आँखा नचाउँदै थिइन्, म फरक्क फर्केर पुगेँ अर्कै छेउमा ।

प्राणवायु अपानवायु दुवै समान भएकाले ट्रकभित्र सास फेर्न पनि मुस्किल परिरहेको थियो । घुइँचोले कुन कसको सीट हो,कोको कहाँनिर छन् पत्तै भएन, मानौँ संसार–सागर त्यहीँ थियो । त्यसैले मलाई लागिरहेको थियो– लाहुरबाट फर्किंदा त म यो भद्रगोलमा के बस्थेँ, त्यति बेला आफूसित रुपियाँको ब्याग हुन्छ, स्वास्नीलाई ल्याइदिएका लुगागहना हुन्छन्– केके हुन्छन् केके ! सम्झेर के साध्य ! देश भनेको देशै हो, धन हुने बाबूसाहेबहरूको राख्न जाने ठाउँ पनि उहीँ, नहुनेहरूको कमाउन जाने ठाउँ पनि उहीँ । दाजुभाइसित झगडा परे झिटीझाम्टा जिम्मा दिने पनि उतै, बाबुआमाले गाली गरे पाखुरा खैँचन पाइने पनि उतैबाट । कस्तो विचित्र ठाउँ होला त त्यो !मैले गम्दागम्दै ट्रक त पुगिसकेछ रक्सोल । उत्रनेबित्तिकै विभिन्न थरी उर्दीपोसाक लाएकाहरूल ‘बाबूजी, इधरउधर’ भन्दै मलाई छोपिहाले । वीर नेपाली भनेपछि स्वागतार्थी पनि कतिकति आएका ए ! मैले नेप्टै पनि आफ्नो नाक फर्सीजस्तो पारी फुलाएँ । तर फसादचाहिँ के पर्‍यो भने सबैले तानेपछि जाने कतातिर ? ससुराली भिन्न भएको साल सोह्रासरादको श्राद्धमा गएको जुवाइँलाई जस्तो अप्ठयारो पर्‍यो आफूलाई त ।

‘ क्याहो ए वीरबल भान्जा ! तिमी पनि यहाँ त्यहीँ नजिकबाट आफ्ना मामाको स्वरले मलाई झसङग पारिदियो ।न आँटिछौ, पोकोपन्तरो खोइ’ ? यताउति हेरेर झपार्दै मामाले भने ।

नभन्दै पोकोपन्तरो त अर्कै स्वागतार्थीले अघि नै लगिसकेछ– अब कहाँ कसलाई समाउन जाने त लौ !

‘फ्याकिदेऊ त्यो टोपीसोपी, यता टोपीको दर्शन पाएपछि पोको मात्रै होइन पोकोवालालाई बोकोझैँ घिच्च्याएर बेचिदिन बेर छैन बाबै ! ’

मामाको यो व्याख्यान मैले केही पनि बुझिनँ । तैपनि टोपी फुकालेर रिक्सामा बसेँ । मामा सोध्दै गए– ‘अब के गर्छौ त ? रिक्सै चलाउँछौ भने, मामाभानिजको कामकुरो मिलिहाल्यो । होइन, म त नोकरी नै गर्छु भन्छौ भने कुनै होटेलमा बेरा खाली छ कि बुझ्नुपर्ला ।’ मामाको यस प्रश्नले मलाई छक्क पार्‍यो र सोधेँ– ‘के साँच्चै लाहुर यही हो मामा’ ? मामाले मुस्कुराउँदै जबाफ दिए– ‘भनिहालेँ नि, हाम्रो निम्ति डाँडो काटयो कि सबतिर लाहुर । रक्सोलमा रिक्सा चलाऊ वा दरभङगामा दरबानी गर, मलायामा बुट ठोक कि मणिकर्णिकामा मुर्दा बोक, घर गएपछि कमसेकम पाइजामा नफाटुन्जेल तिमी लाहुरे भइहाल्छौ ।’

# सुखी नेपाली,सम्वृद्ध नेपालको नारा सार्थक पारौं


✍ प्रल्हाद दाहाल

जनताले कसको कुरा कसरी पत्याउनु ? पत्यार त जब भोगाइमा ठिक लाग्छ तब न हुन्छ । तर यहाँ त भोगाइमा समस्यै समस्या, सुनाईमा सबै मिलिसकेका समस्या नै नभएको सुनिन्छ अनि के भनेर पत्याउनु ? केहि दिनमा बनाउन सकिने स्मार्ट लाइसेन्स कार्ड १६ देखि १७ महिनासम्म पाइन्न । बाटोको सानो खाल्डो वर्षौंसम्म पुरिन्न, १ घण्टामा हुने काम हप्तौंसम्म हुँदैन, सामान्य काम पनि ठुलै काम जस्तो अट्काइन्छ अनि देशमा कहिले कसरी जनता खुशी हुनु ?

जहाँ जहिले पनि तनाव समस्या मात्र हुन्छ । घाम, हावा चल्दा बाटोमा धुलाले हिड्न सकिँदैन भने पानी पर्दा हिलोले समस्या हुन्छ । सडकमा कहिं कतै हिड्न सकिँदैन । घरबाट अफिस जाँदा अर्को जोर कपडा फेर्नको लागि लिएर हिड्नु पर्ने हुन्छ । स्कुलका विद्यार्थीहरु संधै धुलो, मैलो र हिलाम्मे भएर पुग्दछन् । फेरि यसो सुन्दा “खुशी नेपाली, सम्वृ नेपाल” सरकारको नारा खै कसरी कहिले देखि पुरा होला ? आर्थिक वर्ष शुरु भएको छ महिना पुग्न लाग्दा २५ प्रतिशत पनि बजेट खर्च भएको छैन । खर्च भएको बजेट पनि ठिक ठाउँमा ठिक तरिकाले खर्च भएको देखिँदैन । अनि कसरी सम्भव छ विकास ? ठेकेदारले बनाएको पुल हस्तान्तरण नहुँदै भाँचिन्छ ।

बाटोको पिच दुई दिन मै उक्किन्छ, भवन तुरुन्तै भत्किन्छ अनि गरेका काम हेर्दा पनि बजेटको तुलनामा आधा पनि भएको हुँदैन ।

खै सबै जानकारी भएर पनि किन हो केहि कदम नचालेको ? अर्को कुरा मासिक तलब ३०/४० हजार खाएर शहरमा घर, गाडी अनि अन्य खर्च कसरी चल्छ ? अनि नेताहरुले भ्रष्टाचार गरेको थाहा पाए अख्तियारलाई पर्खनु पर्दैन भनेर भनिरहँदा र सुन्दा पनि अचम्म लागेर आउँछ । हिजोको सबै थाहा छ, अनि अहिले यो सब मासिक तलबले त पक्कै धान्दैन होला त ? प्रमाण नै चाहिँदैन यो सबकुरा देख्दा नै हामीले बुझ्न सक्छौं ।

त्यस कारण अब हामी के गर्दैछौं ? कसरी जाने हो त ? यो सब कुराको मुल्यांकन सरकारले गर्नुपर्दछ । नत्र भने “काग कराउँदै गर्छ, पिना सुक्दै जान्छ” भने झैं हुनेछ । नेताहरु कराउँदै जाने जनताहरु चिन्ता लिँदै गर्ने तर यि सब माथि भने झैं काम हुँदै जाने हो भने देश कमजोर, जनता पनि कमजोर अनि सिमित व्यक्तिहरु मात्र प्रगतिको बाटोमा हुनेछन् । देश तहसनहस भैसक्दा हामी हेरेर मात्र बस्ने र बेलैमा सजग नहुने हो भने देश पनि डुब्छ अनि हामी पनि डुब्छौं । त्यसबेला यि सब कुराको सम्झना मात्र आउने छ र हामी पछुताउने बाहेक केहि गर्न सक्ने छैनौं । अब हामी साँच्चै देशको विकास गर्ने हो र देशको चिन्ता छ भने सरकारलाई मात्र दोष दिने अनि आफु चाहिं केहि नगर्ने प्रवृतिले न देश नै बन्छ न हामी आफैं स्वयं बन्छौं ।

त्यसैले सबैको हितको लागि हामी स्वयं आफैंले “म म” भनेर आफैंबाट सकारात्मक कामको शुरु गरि अरुलाई पनि त्यही बाटो हिँडाउन सक्नुपर्दछ । त्यसपछि मात्र सबै आम जनताहरु लागेपछि माथि देखिएका विसंगति र विकृति हट्दै जानेछन् र हामी सबैको इच्छा अनुसार देशले विकासको काँचुली फेरि “सुखी नेपाली,सम्वृद्ध नेपाल” भन्ने सरकारको नारा सार्थक हुनेछ । त्यसपछि भविष्यमा हाम्रा सन्ततीले हामीलाई सधैं सकारात्मक दृष्टिले सम्झने छन् र मरेपछि पनि हाम्रो यो पुस्ताको आत्माले शान्ति पाउने छ ।

## तपाईंको साता

ज्यो . पं. बालकृष्ण

**मेष**: आवेशलाई नियन्त्रणमा राख्नुहोला । गणमान्य व्यक्तिद्वारा तपाईको गुणको प्रशंसा हुनेछ । मन हर्षित हुनेछ ।

**वृष**: तपाईद्वारा लिइएका निर्णय लाभप्रद रहने छन् । परिवारमा सुख–समृद्धि बढ्ने छ ।

**मिथुन**: व्यर्थको विवादले साता भरी नसताउला भन्न सकिन्न । कार्यक्षेत्रमा लाभदायी अवसर मिल्नेछन् ।

**कर्कट**: व्यापारमा नवीन योजनाको शुभारम्भ होला । आफ्ने पराक्रमबाट धन एवं यश प्राप्त होला ।

**सिंह**: व्यापार–व्यवसाय लाभदायी रहला । नयाँ कार्यको आरम्भ गर्ने योजना सफल रहनेछ । सुखद समाचार मिल्नेछ ।

**कन्या**: आफ्नो एवं जीवनसाथीको स्वास्थ्यको ध्यान राख्नुहोलां । क्षमता भन्दा ठूलो क्षेत्रमा हात नहाल्नु नै उत्तम देखिन्छ ।

**तुला** : प्रतिद्वन्द्वीले तपाई सामु घुँडा टक्नेछ । आर्थिक समस्याको समाधान होला । नयाँ कार्यको योजनामा सफलता मिल्नेछ ।

**वृश्चिक**: दोश्रो व्यक्तिको सहयोग गर्दा पनि धर नपाईएला । विरोधी पक्ष हानि हानी पुऱ्याउन उद्दत हुनेछन् ।

**धनु**: साता सामाजिक कार्यमा सीमित रहला । आफ्नो कार्यमा सफलताले प्रसन्न वा उत्साहित रहनु हुनेछ ।

**मकर**: साता अनुकूल हुनाले लाभ लिन नचुक्नु होला । राजनीतिक क्षेत्रमा यश प्राप्त हुनेछ । धर्मकर्ममा मन जानेछ ।

**कुम्भ**: आर्थिक क्षेत्रमा उन्नति हुनेछ । बन्ने कार्य पनि बिग्रिन सक्ला । व्यवसायीक क्षेत्रमा लाभ प्राप्त होला ।

**मीन**: जमीन धन सम्बन्धित विवादको अन्त्य हुनेछ । कारोबार राम्रो चल्नेछ । भाइ–बंधुसँग निकटता बढने छ ।




उच्च ज्वरो आउने, रुघाखोकी लाग्ने, घाँटी दुख्ने, सम्पूर्ण शरीर दुख्ने, वान्ता आउने र झाडा पखाला लाग्ने लक्षणहरु देखिएमा इन्फ्लूएन्जा ए (H1N1) स्वाइनफ्लू पनि हुन सक्छ । तसर्थ यस अस्पतालमा तथा नजिकको स्वास्थ्य संस्थामा जँचाई समयमा नै उपचार गराउन अन’रोध गरिन्छ ।

स्वास्थ्य सेवा विभाग
शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल
टेकु, काठमाडौं

नव क्षितिज
NAWA KSHITIZ WEELY साप्ताहिक

# मुलुकी देवानी (संहिता) ऐन, २०७४

गतांकबाट क्रमश.....भाग-३
पारिवारिक कानून परिच्छे द-१
विवाह सम्बन्धी व्यवस्था

६७. विवाह भएको मानिने : कुनै पुरूष र महिलाले कुनै उत्सव, समारोह, औपचारिक वा अन्य कुनै कार्यबाट एक अर्कालाई पति पत्नीको रुपमा स्वीकार गरेमा विवाह भएको मानिनेछ।

६८. विवाह अनतिक्रम्य सामाजिक बन्धन हुने : (१) विवाह पुरूष र महिला बीच दाम्पत्य तथा पारिवारिक जीवन प्रारम्भ गर्नको लागि कायम भएको एक स्थायी, अनतिक्रम्य तथा स्वतन्त्र सहमतिमा आधारित एक पवित्र सामाजिक तथा कानूनी बन्धन हुनेछ।

(२) उपदफा (१) बमोजिमको वैवाहिक बन्धन दफा ८२ बमोजिम अन्त्य नभएसम्म कायम रहने छ।

६९. विवाह गर्ने स्वतन्त्रता : (१) प्रत्येक व्यक्तिलाई कानूनको अधीनमा रही विवाह गर्ने, परिवार कायम गर्ने तथा पारिवारिक जीवनयापन गर्ने स्वतन्त्रता हुनेछ।

(२) विवाह जुनसुकै किसिमबाट भएको भए तापनि त्यस्तो विवाह सार्वजनिक गर्नु वा गराउनु पर्नेछ।

(३) प्रत्येक व्यक्तिको पारिवारिक जीवन अनतिक्रम्य हुनेछ।

७०. विवाह हु न सक्ने : (१) यस परिच्छेदको अधीनमा रही देहायका अवस्थामा पुरूष र महिला बीच विवाह हुन सक्नेछ :-

(क) पुरूष र महिलाले एक अर्कालाई पति पत्नीको रुपमा स्वीकार गर्न मञ्जुर गरेमा,

(ख) कानून बमोजिम पुरूष र महिला हाडनाता करणीमा सजाय हुने नाताको नभएमा, (ग) पुरूष र महिला दुवैको वैवाहिक सम्बन्ध कायम रहेको अवस्था नरहेमा, (घ) बीस वर्ष उमेर पूरा भएमा।

(२) उपदफा (१) को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि आफ् नो जातीय समुदाय वा कुलमा चली आएको चलन अनुसार विवाह गर्न हुने नाता सम्बन्धमा




विवाह गर्न वा गराउन कुनै बाधा पर्ने छैन। ७१. विवाह गर्न, गराउन नहुने : (१) कसैले पनि दफा ७० बमोजिम विवाह हुन सक्ने अवस्था नरहेको पुरूष वा महिलासँग विवाह गर्न वा गराउन हुँदैन।

(२) कसैले पनि देहायका कुनै अवस्थाको पुरूष वा महिलालाई झुक्याई विवाह गर्न वा गराउन हुँदैन :-

(क) शरीरमा मानव रोग प्रतिरोधक क्षमता नष्ट गर्ने जीवाणु (एच.आई.भी) वा हेपाटाइटिस बी रहेको वा यस्तै प्रकृतिका निको नहुने कडा रोग लागेको,

(ख) यौनाङ्ग नभएको, नपुङ्सक भएको वा सन्तान उत्पादन गर्ने क्षमता नभएको प्रमाणित भैसकेको,

(ग) पूर्ण रुपमा बोल्न वा सुन्न नसक्ने, पूर्ण रुपमा दृष्टिविहीन वा कुष्ठ रोगी भएको,

(घ) होस ठेगानमा नरहेको,

(ङ) विवाह भैसकेको,

(च) गर्भवती भएको,

(छ) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूरदार ठहरी अदालतबाट सजाय पाएको।

(३) उपदफा (२) बमोजिम झुक्याई विवाह गरेको कारणबाट मर्का पर्ने व्यक्तिले त्यस्तो विवाह बदर गराउन र झुक्याई विवाह गर्ने वा गराउनेबाट मनासिब क्षतिपूर्ति दाबी गर्न सक्नेछ।

क्रमश.......

# मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४

गत अंकबाट क्रमश...

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा र त्यसको व्यहोरा मनासिब देखिए निवेदन बमो जिम अभियोगपत्रमा माग दावी संशोधन गर्ने आदेश सम्बन्धित अदालतले दिन सक्नेछ।

तर त्यस्तो संशोधन गर्ने आदेश शुरू तहको सम्बन्धित अदालतले फैसला गर्नु अघि नै दिइसकेको हु नु पर्नेछ। ३७. सानातिना त्रुटी सच्याउन आदेश दिन सक्ने : (१) अदालतमा दायर भएको मुद्दाको अभियोगपत्रमा सानातिना त्रुटी भई सच्याउन परेमा सम्बन्धित सरकारी वकिलले सम्बन्धित जिल्ला अदालत समक्ष त्यसको कारण खुलाई निवेदन दिन सक्नेछ। (२) उपदफा (१) बमोजिम पर्न आएको निवेदन जाँचबुझ गर्दा त्रुटी सच्याउन मनासिब देखिएमा अदालतले त्यस्तो त्रु टी सच्याउन आदेश दिन सक्नेछ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "सानातिना त्रुटी" भन्नाले अभियुक्तको नाम, थर, उमेर वा ठेगानाको हिज्जे वा टाइपिङ्ग वा छपाइ सम्बन्धी त्रुटीलाई सम्झनु पर्छ। ३८. दसी, प्रमाण र अभियुक्त राख्ने : (१) अनुसन्धान अधिकारीले अभियोजनका लागि अनुसन्धान प्रतिवेदन साथ मिसिल सरकारी वकिल समक्ष पेश गर्दा कसूरसँग सम्बन्धित दसी, प्रमाण र अभियुक्तलाई आफ् नो नियन्त्रणमा राख्नु पर्नेछ र सम्बन्धित सरकारी वकिलले आदेश दिएमा सोही बखत सम्बन्धित अदालतमा पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक यस परिच्छेद बमोजिम अदालतमा दायर भएको मुद्दाका सम्बन्धमा मुद्दा दायर भएपछि थप कुनै सवुद, प्रमाण वा कुनै वस्तु, लिखत वा दसी फेला परेमा सम्बन्धित प्रहरी कार्यालयले सम्बन्धित सरकारी वकिल कार्यालयमा दाखिल गर्नु पर्नेछ र त्यस्तो सरकारी वकिल कार्यालयले आवश्यक जाँचबुझ गरी त्यस्ता लिखत, दसी, प्रमाण अदालतमा पेश गर्नु पर्नेछ। ३९. सुरक्षित राख्नु पर्ने : (१) सरकारी वकिलले दफा ३१ को उपदफा (३) बमोजिम मुद्दा नचल्ने निर्णय गरेकोमा मिसिल लगायतका दसी, प्रमाणका वस्तु सम्बन्धित प्रहरी कार्यालयमा अविलम्ब फिर्ता पठाउनु पर्नेछ। (२) उपदफा (१) बमोजिम प्राप्त मिसिल, दसी प्रमाण, वस्तु सम्बन्धित प्रहरी कार्यालयले त्यस्तो कसूरको मुद्दा चलाउन सकिने हदम्यादको अवधिसम्म सुरक्षित राख्नु पर्नेछ। (३) उपदफा (१) बमोजिमको दसी, प्रमाण वा वस्तु कसैको सम्पत्ति रहेछ भने त्यस्तो सम्पत्ति धनीलाई आवश्यक परेको बखत अनुसन्धान अधिकारी वा अदालतमा




दाखिला गर्ने शर्त सहितको कागज गराई प्रहरी कार्यालयले त्यस्तो सम्पत्ति फिर्ता दिनु पर्नेछ। ४०. प्रतिलिपि वा जानकारी दिनु पर्ने : (१) सरकारी वकिलले दफा ३१ को उपदफा (३) बमोजिम मुद्दा नचल्ने गरी निर्णय गरेकोमा त्यस्तो निर्णयको प्रतिलिपि र मुद्दा चल्ने निर्णय भएकोमा अभियोगपत्रको प्रतिलिपि सम्बन्धित अनुसन्धान अधिकारी र अभियुक्तलाई दिनु पर्नेछ।

(२) अनुसूची-१ वा अनुसूची-२ अन्तर्गतका कुनै मुद्दामा मुद्दा चलाउन पर्याप्त प्रमाण नभएको भनी सम्बन्धित सरकारी वकिलले निर्णय गरेमा निजले त्यस्तो निर्णयको जानकारी सम्बन्धित अनुसन्धान अधिकारी र त्यस्तो अनुसन्धान अधिकारीभन्दा माथिल्लो तहको अधिकारी वा कार्यालयलाई दिनु पर्नेछ।

४१. जाहेरवाला वा पीडितलाई सूचना दिनु पर्ने : कुनै कसूरको सम्बन्धमा दफा ३१ को उपदफा (३) बमोजिम मुद्दा नचलाउने निर्णय भएमा अनुसन्धान अधिकारीले त्यसको कारण सहितको सूचना जाहेरवाला वा पीडितलाई यथाशिघ्र दिनु पर्नेछ।

४२. सरोकारवाला ब्यक्तिलाई पक्ष कायम गर्ने : (१) यस ऐन बमोजिम नेपाल सरकार वादी भई दायर भएको कुनै मुद्दा कारबाही हुँदा अनुसूची-१ वा अनुसूची-२ भित्र नपर्ने देखिएको तर कानून बमोजिम अन्य कुनै मुद्दा चल्न सक्ने देखिएमा अदालतले सोही आदेश गरी सरोकारवाला ब्यक्तिलाई त्यसको सूचना दिनु पर्नेछ। (२) सरोकारवालाले उपदफा (१) बमोजिम सूचना पाएको मितिले दुई महिनाभित्र त्यस मुद्दा सकार गरेमा निजलाई वादी पक्ष कायम गरी सोही मुद्दाको मिसिलबाट कानून बमोजिम कारबाही र किनारा गर्नु पर्नेछ। क्रमश....


# कर्मचारीको आवश्यकता

प्रथम पटक प्रकाशित:-२०७५/०९/३०

ए.एस.एफ नेपाल सन् २०१५ मा स्थापना भएको गैह्र नाफा मुलक सामाजिक संस्था हो। जसले अवसर तथा सुविधा बाट बञ्चित भएको समुदाएहरुको दिगो विकासको लागि गएका केही बर्षहरुमा दर्जनौ कार्यक्रमहरु सम्पन्न गरिसकेकोछ। साथै यस जिल्लामा पनि भुकम्प प्रभावितहरुको लागि आवास पुन निर्माण तथा जिविकोपार्जन संम्बन्धित कार्यक्रमहरु संचालन गर्दै आएको छ। यसै क्रममा जिल्लाको नमोबुद्ध न.पा मा नेपाल पुनः निर्माण सहयोग कार्यक्रम संचालन गर्नको लागि तपशिलमा उल्लेखित जनशक्ति आवश्यक भएकोलेइच्छुक व्यक्तिले प्रथम पटक प्रकाशित मितीले ७ दिन भित्र संस्थाको **E-maill Address- asfnepal2015gmail.com** अवथा तोकिएको कार्यालयमा गई दरखास्त दिनको लागि यो सुचना आव्हान गरिन्छ।

| क.स | पद | आवश्यक संख्या | न्युनतम् योग्यता | अनुभव |
|---|---|---|---|---|
| १ | सिभिल ईन्जिनियर | १ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह उर्त्तिण भएको | सम्बन्धित विषय कम्तिमा १ बर्षको अनुभव भएको हुनुपर्ने। |
| २ | आर्किटेक्ट | १ | | |
| ३ | सब- ईन्जिनियर | १ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट सम्बन्धित विषयमा डिप्लोमा तह उर्त्तिण भएको | |
| ४ | ड्राफ्टर (Draft Person) | १ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट सम्बन्धित विषयमा डिप्लोमा तह उर्त्तिण भएको | |
| ५ | सहाएक सामुदायिक परिचालक | १ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक तह उर्त्तिण भएको | सम्बन्धित विषय कम्तिमा २ बर्षको अनुभव भएको हुनुपर्ने। |
| ६ | सामाजिक परिचालक (Social Site Supervisor) | १ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट +२ अथवा सो सरह उर्त्तिण भएको | सम्बन्धित विषय कम्तिमा १ बर्षको अनुभव भएको हुनुपर्ने। |
| ७ | अमिन | १ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रवेशिका परीक्षा र अमिन विषयमा प्राविधिक ए.एस.एल.सि उर्त्तिण भएको | सम्बन्धित विषय कम्तिमा १ बर्षको अनुभव भएको हुनुपर्ने। |

**नोटः** परियोजना संचालन हुने न.पा को आवेदकलाई पहिलो प्राथमिकता दिईनेछ साथै परेको आवेदन मध्ये **(Short list)** भएकाआवेदक लाई मात्र अर्न्तवार्तामा बोलाईनेछ। कर्मचारी छनौट सम्बन्धि सम्पुर्ण अधिकार संस्थामा निहित रहनेछ।

<u>आवश्यक कागजातहरुः</u>

शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी, नागरिकताको प्रतिलिपी, हालसालै खिचिएको पासपोर्ट साइजको फोटो २ प्रति, अन्य अनुभव प्रमाण पत्रको प्रतिलिपीका साथमा **CV** र रितपूर्वकको निवेदन पेश गर्नुपर्नेछ।

**आवेदन पेश गर्ने ठेगानाः- नमोबुद्ध नगरपालिका,भकुण्डेवेशी, काभ्रेपलाञ्चोक**

**सम्पर्क फोन नं: ०११-४०४०३१**


# जिल्लामा दुर्घटना घट्दै

बनेपा/सवारी दुर्घटनाको सङ्ख्या वृद्धि भइरहेको अवस्थामा काभ्रेमा भने घट्दै गएको छ। जिल्ला ट्राफिक कार्यालयका अनुसार जिल्लामा सवारी दुर्घटनाको संख्या तुलनात्मक रुपमा घट्दै गएको हो।

आर्थिक वर्ष २०७३/०७४ मा ६५ वटा सवारी दुर्घटना भएका थिए भने आ.व.२०७४/०७५ मा जम्मा ५३ वटा दुर्घटना भए। आ.व.२०७३/०७४ को तुलनामा आ.व.२०७४/०७५मा १९ प्रतिशतले सवारी दुर्घटना घटेको छ। त्यस्तै सवारी दुर्घटनाका कारण आ.व.२०७३/०७४ मा ६५ जनाको मृत्यु भएको थियो भने आ.व.२०७४/०७५ मा २९ जना पुरुष,१२ जना महिला,दुई जना बालक र एक जना बालिका गरी ४४ जना मृत्यु भएको थियो। जिल्लामा आ.व.२०७४/०७५ मा सवारी दुर्घटनामा मृत्यु हुनेको संख्या ३० प्रतिशतले घटेको छ। आ.व.२०७३/०७४ मा ३७ जना सक्त घाईते र २६ जना सामान्य घाईते भएका थिए भने २०७४/०७५ मा ११९ जना सक्त घाईते र ११२ जना सामान्य घाईते भएको ट्राफिक प्रहरी कार्यालयले जनाएको छ। जिल्ला ट्राफिक कार्यालयका प्रहरी निरीक्षक निशेष चापागाईले ट्राफिक कार्यालयले प्रभावकारी रुपमा विभिन्न अभियान र कार्यक्रम सञ्चालन गरेको, सवारी दुर्घटनामा न्युनिकरणको लागि अभियानको रुपमा मादक पदार्थ सेवनको कडाईका साथ चेक जाँच,सवारी साधनका कागजपत्रको चेक जाँच,विद्यालय र क्याम्पसमा ट्राफिक नियम बारेमा सचेतना कार्यक्रम सञ्चालन गरिरहेको बताए।

फुटपाथमा हुने व्यापार बन्द गरिएको,चालकसंग एक मिनेट र ट्राफिक नियम सम्बन्धी ठाउँ ठाउँमा जनचेतनामुलक कार्यक्रम सञ्चालन भईरहेको प्रहरी निरीक्षक चापागाईले बताए।

## ज्यालादारी ....

ँतिर, संघीय निजामती सेवा ऐनको प्रस्तावित मस्यौदामा कम्प्युटर अपरेटर वा सहायक कम्प्युटर अपरेटरमा भने स्थायी नियुक्त नगर्ने उल्लेख छ। मस्यौदामा सवारी चालक, इलेक्ट्रिसियन, प्लम्बर, माली, सरसफाइ गर्ने कर्मचारी र त्यस्तै काम गर्ने तोकि बमोजिमका पदमा पनि स्थायी पदपूर्ति नगर्ने उल्लेख छ। ती कर्मचारीहरु सेवाबाट अवकाश भएसँगै दरबन्दी पनि स्वतः खारेज हुनेछन्।

मस्यौदामा लेखिएको यो ऐन प्रारम्भ भएपछि साविकको नेपाल विविध सेवा अन्तर्गतको राजपत्र अनंकित प्रथम श्रेणीको कम्प्युटर अपरेटर पद र राजपत्र अनंकित द्वितीय श्रेणीको सहायक कम्प्युटर अपरेटर पद रिक्त भएमा स्थायी पदपूर्ति गरिने छैन, भनिएको छ।

तर, सहायक कम्प्युटर अपरेटर पदमा दश वर्ष सेवा अवधि पूरा गरेका र नकारात्मक सूचीमा नपरेका कर्मचारीलाई कम्प्युटर अपरेटर पदमा स्वतः बढुवा गरिने छ।


# सार्वजनिक सूचना

सार्वजनिक सडकमा निर्वाधरुपमा आवागमन गर्न पाउन सबैको नैसर्गिक अधिकार हो। तसर्थ यसको सम्बर्द्धन, सम्भार एवम् सुरक्षा गर्नु हामी सबैको साझा दायित्व हो। सडक सीमा अतिक्रमण गरी घर, टहरा लगायत अस्थायी एवम् स्थायी संरचनाहरु निर्माण गर्नु सार्वजनिक अपराध हो। साथै, यातायात आवागमनमा बाधा पुग्ने गरी सडक सीमाभित्र निर्माण सामग्रीहरु थुपार्ने कार्य, फोहोरमैला डम्प गर्ने कार्य, सडकमा नै सवारी साधनहरु धुने आदि कार्य नगरिदिनु हुन तथा सडकमा लिकेज भएका खानेपानी तथा ढलका पाइपलाइनहरु सम्बन्धित निकायबाट यथाशीघ्र मर्मत तथा सम्भार गरिदिनु भई सडक संरक्षण गर्ने कार्यमा सहयोग गरिदिनु हुन र सडकको सुरक्षामा ध्यान दिन हुन सबै सरोकारवालाहरुलाई हार्दिक अनुरोध गरिन्छ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
**काठमाडौं उपत्यका सडक विस्तार आयोजना**
बानेश्वर, काठमाडौं



# सूचना ! सूचना !! सूचना !!!

सडक हामी सबैको साझा सम्पत्ति हो। सडक निर्माणमा तपाई हाम्रो ठूलो धनराशी खर्च भएको छ। त्यसैले सडकको संरक्षण एवं सम्वर्द्धन गर्नु हामी सबैको साझा दायित्व हो। निर्माण भइसकेको सडकका विभिन्न खण्डमा अनाधिकृत रुपमा सडक सीमा अतिक्रमण गरी घर टहरा निर्माण गर्ने, होर्डिङ बोर्ड राख्ने, सडकमा सामग्री थुपार्ने, सवारी साधन धुने पखाल्ने, पार्किङ गर्ने, सडकको नाला पुरी बाटो बनाउने तथा नालीमा ढल मिसाउने एवं फोहोरमैला फाल्नेजस्ता कार्यका कारण सडक संरचना, सवारी आवागमन तथा वरिपरीका वातावरणमा समेत प्रतिकूल असर पर्न जाने हुनाले उपरोक्त कुनै पनि क्रियाकलाप नगर्नु, नगराउनु हुन सम्बन्धित सबैसँग यो डिभिजन सडक कार्यालय हार्दिक अनुरोध गर्दछ।

**आयोजना प्रमुख**
**थानकोट-चित्लाङ सडक आयोजना**
**कलंकी, काठमाडौं**



# एच.आइ.भी. कसरी सर्दैन ?

एच.आई.भी संक्रमित व्यक्तिहरुसँग सामान्य सामाजिक व्यवहार गर्दा एच.आई.भी. सर्न सक्ने खतरा हुँदैन जस्तैः

- लामखुट्टेले टोकेर
- एउटै भाडामा खाना खाँदा
- हाँच्छ्यु गर्दा, खोक्दा
- एउटै चर्पीको प्रयोग गर्दा
- हात मिलाउँदा
- एउटा काँगियो प्रयोग गर्दा
- एउटै लुगाफाटा प्रयोग गर्दा
- म्वाई खाँदा
- सँगै पौडी खेल्दा
- विरामीको स्याहार-सुसार गर्दा
- परिवारमा सँगै बस्दा

राष्ट्रिय एड्स तथा यौन रोग

## सूचना-प्रविधि

# इन्टरनेटमा कमाउनेहरू

विकीपेडिया
सुरुवातः १५ जनवरी २००१,निर्माताः जिम्मी वालेस, ल्यारी सैंगर, भाषाः २४०

जानकारी प्राप्त गर्न सकिने सर्वश्रेष्ठ माध्यम हो विकीपेडिया। आज कुनै पनि विषयमा आधारित खोज गर्नु पहिलो लिंक तपाईले विकीपेडिया नै अग्रस्थानमा आउँछ। विकीपेडियाको आगमनअघि पनि अनलाइन इन्साक्लोपेडिया त कैयौं थिए तर ती सबैमा कमै मात्र जानकारी हुने गर्दथ्यो र तिनीहरुको प्रयोग पनि कठिन थियो। तर विकीपेडियाको आगमनसँगै पुरै परिस्थितिमा परिवर्तन आयो। विकीपेडिया एउटा निःशुल्क ज्ञानकोष हो। यसलाई कुनै पनि व्यक्तिले सम्पादन गर्न सक्दछ र लाखौ स्वयमसेवकका कारण हरेक दिन यसको ज्ञानकोषको उचाई कयौं गुना बढिरहेको छ। आजभोलि यो ज्ञानकोष अंग्रेजीमा मात्र नभएर नेपालीलगायत हरेक भाषामा उपलव्ध छ।

हटमेल
सुरुवातः ४ जुलाई १९९६,निर्माताः शब्बीर भाटिया र अन्य, अधिग्रहणः माइक्रोसफ्ट

आजको नयाँ पिढीले यो नाम पहिचान गरुन वा पहिचानका लागि ध्यान नदिउन् तर हटमेलले कुनै समय इमेलको परिभाषा नै बदलिदिएको थियो। हटमेलभन्दा पहिला इमेल गर्नु र इमेल प्राप्त गर्नु दुर्लभ कार्य थियो। अनलाइन इमेल क्लाइन्ट सफ्टवेयर उपलव्ध थिएन। तपाई जब इमेललाई आफ्नो एक पीसीमा डाउनलोड गर्नुहुन्थ्यो तब रिमोट सर्भरबाट त्यो डिलेट हुने गर्दथ्यो। अर्थात एउटा इमेल एक स्थानमा मात्र हेर्न सकिन्थ्यो। हटमेलले वेभमेलको सुरुवात गर्यो। हटमेललाई कुनै पनि पीसीमा ब्राउज गर्न सकिन्थ्यो। कुनै इमेललाई कयौ स्थानबाट खोल्न सकिन्थ्यो। शब्बीर भाटिया र केही अन्य व्यक्तिको यो खोजले इमेल गर्ने तौरतरिकामै बदलाव ल्यायो। पछि माइक्रोसफ्टले हटमेल किन्यो र अहिले यो ब्राण्ड समाप्त भइसक्यो। त्यसको स्थान माइक्रोसफ्ट लाइभ मेलले लिएको छ। तर, हटमेलको याद मानिसहरु अहिले पनि गर्दछन्।

फेसबुक
सुरुवातः ४ फेब्रुअरी २००४,निर्माताः मार्क जुकरवर्ग

फेसबुक विश्वको सबैभन्दा लोकप्रीय सामाजिक सञ्जाल साइट हो। अमेरिकाजस्ता देशमा त यसले गुगललाई पनि उछिनेर सबैभन्दा लोकप्रीय साइटको गौरव पनि प्राप्त गरिसकेको छ। फेसबुकका प्रयोगकर्ताहरु करोडौको संख्यामा छन् र कैयौ मानिसको त दिन र रात फेसबुकमै बित्ने गरेको छ।तर फेसबुक पहिलो सामाजिक सञ्जाल साइट भने थिएन। तर, यसले सामाजिक सञ्जालको सिद्धान्त नै परिवर्तन गरिदियो। फेसबुकले थर्ड पार्टी एप्लिकेशनहरुलाई मन्जुरी दिएर आफ्नो लोकप्रीयतामा तिब्रताका साथ बढायो। फेसबुक लोकप्रीय बनिरह्यो किनभने उसले आफूलाई समय अनुसार परिर्वतन गर्दै गयो

ट्वीटर सुरुवातः २००६
निर्माताः ज्याक डोर्सी, इवान विलियम्स, विज स्टोन

के राजनेता, के अभिनेता, के समाजसेवी, के धर्मगुरु, के आम नागरिक। आज सबैजसो ट्वीटरमा उपस्थित छन्। १४० अक्षरका साथ तपाई संसारभरसँग जोडिन सक्नु हुन्छ। के केही वर्ष पहिलेसम्म कुनै कल्पना गर्न सक्दथ्यो कि एउटा सामान्य व्यक्ति विल गेट्सलगायतका चर्चीत हस्तीहरुसँग सिधा प्रश्न गर्न सक्छ कि आफूले उत्तर पनि पाउने गरी। यो ट्वीटरकै कमाल हो, जसले आम र विशेषको भेद मेटाइदियो। अब हरेक  विशेष व्यक्ति ट्वीटरको माध्यमबाट आम संसारसंग जोडिन चाहन्छ। संसारभरको सरकारका सरकारहरु यो सेवादेखि डराउन थालिसकेका छन्। किनभने सूचनाको अति तिब्र माध्यम क्षणभरमा पलपलको खबर संसारको कुनाकुनामा पुर्याइरहेको छ। ट्वीटर आज जीवनको एउटा महत्वपूर्ण हिस्सा बनेको छ।

युटचुब सुरुवातः फेब्रुअरी २००५, निर्माताः चाड हर्ली, जावेद, करिब, स्टीभ चैन, अधिग्रहण : गुगल ९२००६०

युटचुवले मनोरञ्जनको अर्थ नै परिवर्तन गरिदियो। युटचुवभन्दा पहिला अनलाइन भिडियो हेर्न सकिने राम्रो माध्यम थिएन। युटचुवको सुरुवात जब भयो तब विश्वभर निकै ब्याण्डविथ नै उपलव्ध थिएन। त्यतिबेला मानिसहरु सोच्थे यो साइट चल्दैन। किनभने लामा लामा भिडियो मानिसहरुले कसरी हेर्नेछन्रु मानिसहरु आफ्नो साइटमा भिडियो अपलोड गर्दैन थिए किनकि यसबाट उनीहरुको ब्याण्डविथ खर्च ह्वात्तै बढाउथ्यो। तर युटचुवको आगमनका साथै परिस्थिति बदलियो। युटचुवले मानिसहरुलाई अचम्ममा पार्यो। अब निःशुल्क भिडियो अपलोड गर्न सकिन्थ्यो र त्यसलाई कुनै पनि साइटमा राख्न पनि सकिन्थ्यो। अहिले गुगलले लिएको यो सेवामा हजारौ भिडियो दैनिक अपलोड हुने गर्दछन्। र, लाखौ मानिस यो भिडियो हेर्ने गर्दछन्।

गुगल सुरुवातः ४ सेप्टेम्बर १९९८, निर्माताः सर्जेई विन, लारेन्स पैज
नाम मात्रै पर्याप्त छ। इन्टरनेटबारे सामान्य मात्र ज्ञान राख्ने शायदै कुनै व्यक्ति होलान- जो गुगलका विषयमा थाहा नहोस्। गुगल अर्थात खोज खोज अर्थात गुगल। यतिबेला मानिसहरु भौतिक सामग्री हराए पनि झक्किएर गुगलमा खोजी गर्न जाने बेला भइसकेको छ। मानिसहरु भन्छन्, कुनै जानकारी चाहियो गुगलमा जानुस् न।अहिले इन्टरनेटमा चाहे जेसुकै गरियोस प्रयोगकर्ताहरु गुगलमा एक पटक जान्छन्। गुगलमा खोजी नगरे पनि यसका असंख्य निःशुल्क सेवाको प्रयोग सबैले गर्छन। जीमेल छ, रिडर छ, ब्लगपोष्ट छ, पिकासा छ, युटचुव छ, सूची लामो हुनेछ। अमेजन सुरुवातः १९९४,निर्माताः जैफरी विजोज

किनमेल त्यसै पनि हुन सक्दछ। पसल नै नगई घरै बसेर लगइन गर्नुस्। आफूले मन पराएको उत्पादन छान्नुस्। क्रेडिट कार्डबाट शुल्क तिर्नुस् काम सकियो। घरमै बसेर तपाईलाई आफूले किनेको सामान प्राप्त हुनेछ। अमेजनले मानिसहरुको किनमेलको बानी नै परिवर्तन गरिदियो। अहिले इन्टरनेटमा असंख्य अनलाइन सपिङ्ग साइट छन् तर यस उद्योगको सुरुवात अमेजनले नै गरेको थियो। स्रोत एजेन्सीख
मानिसहरुको किनमेलको बानी नै परिवर्तन गरिदियो। अहिले इन्टरनेटमा असंख्य अनलाइन सपिङ्ग साइट छन् तर यस उद्योगको सुरुवात अमेजनले नै गरेको थियो। स्रोत एजेन्सी

# पैसा दिएर अवार्ड किन्दिन



-अर्जुन थापा, मोडल

**सिन्धुपाल्चोकमा जन्मनुभएको मोडल अर्जुन थापा छोटो समयमै चर्चामा आउनु भएको छ। पछिल्लो समयमा मोडल अर्जुन थापाको चर्चा निकै बढेको छ। कलाकार बन्ने चाहाना भएर कलकारिता क्षेत्रमा लागेको बताउने मोडल थापा एउटा सफल कलाकार बन्ने बताउनु हुन्छ। अभिनय र नृत्य गर्न मन पराउने थापा आज भोलि निकै ब्यस्त देखिनु हुन्छ। प्रस्तुत छ अरबिन्द्र गौतमले नव क्षितिज साप्ताहिकका लागि मोडल अर्जुन थापासँग गरेको रमाइलो कुराकानी–**

कला/बार्ता
-अरबिन्द्र गौतम



**० आज भोलि केमा ब्यस्त हुनुहुन्छ ?**
आज भोलि जाडो सिजन छ,जाडो लागि रहेको छ आफ्नै कामहरु चलिरहेका छन्। कहिले सुटिङ त कहिले प्रोग्राम  यसैगरी दिनहरु बितिरहेका छन।

**० अहिलेसम्म कति वटा म्युजिक भिडियोमा खेल्नु भयो ?**
मैले अहिलेसम्म १५० भन्दा माथी नै म्युजिक भिडियोमा अभिनय गरे होला, खासै गन्ती गर्ने गरेको छैन।

**० कलाकारिता क्षेत्र बाट कतिको सन्तुष्ट हुनुहुन्छ ?**
म एकदम सन्तुष्ट नै छु किनकि हरेक मान्छेले त्यही काम गर्नु पर्छ जहाँ मन सन्तुष्ट हुन्छ र म मेरो काममा सन्तुष्ट छु र धेरै खुसी पनि  छु।

**० यस क्षेत्र बाट नै बाँच्न सकिन्छ ?**
आफ्नो कलाले दर्शकहरुको मन जित्न सक्ने हुनु पर्छ र आफ्नो काममा लगनशील हुनुपर्छ कलाकारिता क्षेत्र बाट बाँच्न धेरै गार्‍हो छैन,बाँच्न सकिन्छ

**० कसको प्रेरणाबाट यस क्षेत्रमा लाग्नुभयो ?**
जिन्दगीका सुरुका दिनहरु चलचित्रहरु हेर्दै गर्दा महानायक राजेश हमालदाईको चलचित्रहरु हेर्दै हुर्किय मेरो कलाकारिता क्षेत्रमा आउने प्रेरणा श्रोत उहाँको नै नाम आउछ।

**० एपिक नेपाल म्युजिक अवार्डको टप ५ मा पर्नु भएको छ कस्तो लागि रहेको छ ?**
लामो समय संघर्ष पछिको हो। यो मेरो पहिलो नोमिनेशन हो धेरै खुशी लागिरहेको छ।

**० एपिक नेपाल म्युजिक अवार्डको अधुनिक गित बाट  मोडल टप ५ मा पर्नु भएको छ, टप १ मा पर्छु जस्तो लागेको छैन ?**
हरेक मानिसलाई अफु अरु भन्दा अगाडि जान मन लग्नु सोभाबिक हो। मलाई पनि लाग्छ म टप १ पर्छु भनेर तर त्यसमा पनि उहाँहरुको आफ्नै प्रक्रियाहरु छन भोटिङ देखि लिएर धेरै प्रक्रिया छन,आशा छ जित्छु भन्ने हेरौ के हुन्छ।

**० अवार्डमा धेरैले घुस,पैठ,आफन्त चिने जानेका लाई दिन्छन् भन्ने गरेको सुन्न आउछ यसमा के त्यस्तो छ कि के छ ?**
मैले पनि सबै कुरा सुनेको छु। आज सम्म कुनै अवार्डमा आफुलाई समाबेश गराईन म घुस दिएर नाता गोता बाट अवार्ड लिन चाहान्न त्यसरी लिन यस्तो दुख गर्नै पर्दैन घरमा नै बसेर लिदा हुन्छ किन्न्को लागि धेरै दुख मेहनत किन गर्नु पर्यो र होइन ?

**० अनि कसरी भन्न सक्नु हुन्छ दुक्क साथ म अवार्ड जित्न सक्छु भनेर तपाईंमा त्यस्तो के छ ?**
जित्न सक्छु कि भन्ने आत्मा बिश्वाश हो ढुक्क छैन म भएको खुबी र मेरो कलाले आयोजक र अझ त्यो भन्दा पनि जुरि हरुको मन जित्न सकेमा र भोटिङको आधारमा हुने कुरा हो। हेरौ दर्शक शुभ चिन्तकहरुको माया र साथ कतिको पाउछु। त्यसमा भर पर्छ तर म पैसा दिएर भने अवार्ड लिन्न।

**० तपाईंलाई पछि गएर कस्तो नायक तथा मोडल बन्न मन छ ?**
समाजमा पचने खालको भुमिका निभाएर आफ्नो कला देखाउन सक्ने एउटा नायक तथा मोडल जुन पर्दामा मात्र नभएर बास्तबिकतामा पनि नायक होस् जसले समाजमा सक्दो सयोग र परिवर्तन ल्याउन सक्ने खालकको एउटा  सफल नायक तथा मोडल बन्न चाहन्छु।

**० पहिलो प्रेम पत्र ?**
याद छैन सायद प्रेम पत्र लेखिएन होला। मलाई चै पाँच कक्षामा आएको थियो।

**० बिबाह गर्नु भएको छ ?**
बिबाह भएको छैन।

**० सेक्सको अनुभव छ ?**
यो कुरा पर्सनल नै राख्दा राम्रो होला।

**० भविष्यको योजना  ?**
शरीरमा सास चल्दा सम्म कलाकरिता मै जीवन बिताउन पाउ एक सफल नायक तथा मोडल र सामजिक कामहरुमा सरिक हुन मन छ। माया गर्नु हुने दर्शक शुभचिन्तक हरुलाई अझ धेरै राम्रो राम्रो काम गरेर मनोरन्जन दिन पाउ यहीं हो।

**० अन्तमा...... ?**
अन्तमा म के भन्न चाहान्छु भने आज म जहाँ छु सबै परिवारको कारणले गर्दा हो मेरो लागी मन्दिर भगवान भनेकै मेरो घर हो। उहाँहरुको कारण म यो ठाउँमा छु। मलाई पहिलो पटक बिश्वाश गरेर अबसर दिनु हुने मेरि बासै कि चमशुरी पल्पसा डङ्गोल दिदी र धेरै काम सिक्ने अबसर दिनु हुने चर्चित निर्देशक मिलन चाम्स दाइ लाई कहिले भुल्दिन र सम्पुर्ण दर्शकहरुलाई मैले गरेको काम हेरिदिनु होला माया गरिदिनु होला भन्न चाहान्छु साथै तपाईं लगायत तपाईंको मिडियालाई मेरा मनका कुरा राख्ने मौका दिनुभएकोमा धन्यवाद।

# सरकार बरालियो-थापा



नाला/नेपाली कांग्रेसका केन्द्रिय सदस्य गगनकुमार थापाले अहिलेको सरकार बलियो भएपनि बरालिएको बताएका छन। प्रधानमन्त्रीबाट जनताले मुलुकको सुधारको अपेक्षा गरेपनि त्यस अनुसार नहुनु मुलुकले हासिल गरेको संघीय लोकतान्त्रिक गणतन्त्रण नै धरापमा पर्ने हो की भन्ने आशंका बढेको बताए।

नेपाली कांग्रेस बनेपा नगरपालिका वडा नं. ३ र ४ को संयुक्त आयोजनामा भएको वडास्तरिय कार्यकर्ता भेला कार्यक्रममा बोल्दै नेता थापाले राष्टपति गणतन्त्रणलाई धराप बनाउन लाग्ने, प्रधानमन्त्री संघीयता मास्न लाग्ने र प्रचण्ड लोकतन्त्रका कारण काम हुन सकेन भन्नुले व्यवस्था नै नरहने हो की भन्ने भएको बताएदै उनले  युवाहरुमा जुन व्यवस्था आएपनि केही हुने रहेनछ भन्ने भावना जागृत भयो भने सिंगो प्रणालीप्रति नै असर पर्ने र पुनः हिजो परास्त गरेका शक्तिहरु फेरिपनि धर्म र जातको नाममा अगाडि आउन सक्ने बताए।

कार्यक्रममा नेपाली काँग्रेसका केन्द्रीय सदस्य शिवप्रसाद हुमागाई, जिल्ला सभापति मधुप्रसाद आचार्य, पूर्व राज्यमन्त्री कञ्चनचन्द्र बादे लगायतले बोलेका थिए।

**सडकमा सवारी चलाउादा र सडक तथा फुटपाथ प्रयोग गर्दा निम्न कुराहरूमा ध्यान पुऱ्याउन हुन सम्बन्धित सबैलाई अनुरोध छ।**

- दुई वा दुईभन्दा बढी लेन भएको सडकमा गाडी चलाउँदा लेन अनुशासन पालन गरौं।
- सडकमा बाटो काट्नु पर्दा जेब्रा क्रसिङ्ग, आकाशेपुल, सव-वे अथवा पेलिकन बत्ति वा कुनै नभएको ठाउँमा सुरक्षित ठाउँबाट मात्र बाटो काटौं।
- चोक बत्ति भएको ठाउँमा पैदलयात्रीले, पैदलयात्रीका लागि व्यवस्था गरिएको हरियो बत्ति तथा सवारीचालकले सवारीसाधनका लागि व्यवस्था गरिएको हरियो बत्ति बलेपछि मात्र सवारी अगाडि बढाऔं।
- सवारी चलाउँदा वा बाटो काट्दा कहिल्यै पनि मोवाईल फोनको प्रयोग नगरौं।
- जथाभावी ओभरटेक नगरौं, दाहिनेपट्टीबाट अथवा अगाडिको गाडीले संकेत दिएपछि मात्र ओभरटेक गरौं। विपरीत दिशाबाट आउने सवारीसाधनको लेनमा प्रवेश नगरौं।
- पैदलयात्रीले जान/अन्जानमा बाटो काट्न लागेको देखिएमा गाडी रोकौं र पैदलयात्रीलाई प्राथमिकता दिऔं।
- भिन्न क्षमता भएका (शारीरिक कमजोरी तथा दृष्टिविहिन) नागरिकलाई प्राथमिकता दिई सडक प्रयोगमा सहयोग गरौं।
- तोकिएको ठाउँ (बस स्टप वा टेम्पो स्टप)बाट मात्र यात्रु चढ्ने, ओराल्ने बानी बसालौं।
- सडक विभागको मापदण्ड तथा सवारीसाधनको क्षमताभन्दा बढी वजन बोक्नमा रोक लगाऔं।

हामी सबैले ट्राफिक नियमको पालना गरौं र गर्न लगाउँ
दुर्घटनाबाट बचौं र बचाऔं
सार्वजनिक हितका लागि
नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
सडक सुरक्षा तथा ट्राफिक शाखा

## कविको कलम

### म अन्धो मान्छे
- निलकमल छेत्री

यो संसार त रंगिन छ भन्छन मानिसहरु
हेर्न त मलाई पनि रहर छ नि
तर कसरी म त परे अन्धो मान्छे,
रंगी -बिरंगी फूलहरु फुलेका छन रे
त्यो पारी पटिका बगैचामा,
ति फूलहरु हाथमा लिएर रमाउन मलाई पनि त रहर छ नि
तर मलाई के थाहा हुन्थ्यो ति फुलका रंगहरु कस्ता
छन भनेर आखिर म त परे अन्धो मान्छे,
घाम नलागेको दिनमा पनि
कालो चस्मा लगाई फेसन देखायो भन्छन मलाई
के फरक हुन्छ र यहाँ दिन हो या रात उस्ता( उस्तै लाग्छ
रहरले होइन कहरले लगाएको हुँ कालो चस्मा
तर यसको अर्थ यहाँ कसले बुझ्छ र,
घरमा बुडी बोजू कराउछिन
ढक्क ( मक्क पुर्णिमाको जुन लागेको छ बाहिर आऊ भन्दै
कसलाई थाहा छ र ,
त्यो जुनको प्रकासले मेरा सारा शरीरनै उज्यालो बनाइ दिएतापनि
म भित्री भएको संसार त अँध्यारो नै हुनेछ
आखिर म त परे अन्धो मान्छे,


# हार्दिक निमन्त्रणा

**श्री महाकाली माध्यमिक विद्यालय मण्डनदेउपुर-४, चैनपुरको ५८ औं वार्षिकोत्सव ऐतिहासिक ढंगले सम्पन्न हुँदै छ। यस अवसरमा विद्यालयका पूर्वविद्यार्थीहरूको समेत भेला सम्पन्न हुन गहिरहेकाले विद्यालयका सम्पूर्ण पूर्व विद्यार्थी, विद्यार्थी, अभिभावक, पूर्व शिक्षक, शिक्षिका, संस्थापक, सहयोगी, शुभचिन्तक, जनप्रतिनिधि लगायत सम्पूर्णमा उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं।**

**कार्यक्रम :**
**मिति : २०७५ माघ ८ गते मंगलबार**
**समय : बिहान ११ बजे**
**स्थान विद्यालय प्राङ्गण**

**आयोजक :**
**श्री महाकाली माध्यमिक विद्यालय**
**मण्डनदेउपुर-४, चैनपुर, काभ्रे**

# बनेपामा सरसफाई अभियान

बनेपा/बनेपा नगरपालिकाले अरनिको राजमार्ग दायाँ बायाँको सडक सिमा भित्रको सडकलाई खाली गरी फोहोर मैला व्यवस्थापन गर्न सुरु गरेको छ।

व्यापार व्यवसाय,सवारी साधन पार्किङ्ग व्यवस्थित रूपमा फुटपाथ संचालन गर्ने गरी राजमार्गको बुडोलदेखी पुलबजारसम्म जनप्रतिनिधि, कर्मचारी,स्थानीयबासी,प्रहरी,सेना तथा विभिन्न संघ संस्थाको अगुवाइमा सरसफाई गरिरहेको छ। नगर प्रमुख लक्ष्मीनरसिं बादेले बनेपा क्षेत्र भित्र पर्ने अरनिको राजमार्गको दायाँ बायाँ अस्थायी टहराहरु र ट्र्याक खोल्ने कार्य सकिएकाले अब दोस्रो चरणको कार्य सरसफाई सहित स्वच्छ र सफा नगर बनाउन लागिएको बताए। नगरको बजार क्षेत्रमा हरित नगरपालिका निमार्ण गर्ने, सवारी पार्किङ्गलाई ब्यबस्थित गर्ने, ब्यबस्थीतरुपमा फुटपाथ सचांलन गर्ने, थप स्थानमा सिसिटीभी राख्ने, मर्मत गर्नुपर्ने सिसिटीभीलाई तुरुन्त मर्मत गर्ने लगायतका कार्य नगरले गर्न लागि रहेको नगर प्रमुख बादेले जानकारी दिए।

# एकतर्फी सडक सञ्चालनको निर्णय फिर्ता लिन माग

*अरबिन्द्र गौतम,बनेपा*



बनेपा नगरपालिकाले गरेको तीनदोबाटो देखी बिद्युत प्राधिकरणसम्मको सडकमा एकतर्फी सडक सञ्चालनको निर्णय फिर्ता लिन व्यवसायी तथा स्थानीयहरुले माग गरेका छन।

नगरपालिका प्रमुख लक्ष्मीनरसिं बादे,उपप्रमुख रेखा दाहाललाई ज्ञापनपत्र बुझाउँदै करुण मार्ग टोल सुधार समिति, व्यवसायी तथा स्थानीयहरुले निर्णय सच्याउन माग गरेका हुन। नगरपालिकाले यस क्षेत्रमा यातायातको आवात जावात बढेको र लामो समयसम्म जाम हुने भन्दै करिब दुई सय मिटर क्षेत्रको सडकलाई एकतर्फी बनाएको थियो । तीनदोबाटो चोकबाट बिद्युत प्राधिकरण चोकसम्म जाने र बिद्युत प्राधिकरण चोकबाट पुल बजार हुँदै तीन दोबाटो निस्कने गरी एकतर्फी बनाइएको थियो । यस निर्णयले व्यवसायमा समेत असर परेको व्यवसायीहरुको भनाई छ । ज्ञापनपत्र बुझ्दै नगर प्रमुख बादेले छलफलका लागि समिति बनाउने आश्वासन दिएको स्थानियले जानकारी दिए।

# ब्युटी टिप्स

## सौन्दर्य सामाग्री प्रयोग गर्दा ध्यान दिउँ



तारा भट्टराई

सबैले आफ्नो अनुहार सुन्दर, राम्रो, चम्किलो, ताजा बनाउन चाहन्छन्। यसका लागि लागेपुगेसम्म बजारमा पाइने विभिन्न सौन्दर्य प्रसाधन एवम् सौन्दर्य उपकरणहरू प्रयोग गर्न पछि पर्दैनन्। आजकल प्रायः सबैलाई आफ्नो मेकअप कसरी गर्नुपर्छ भन्ने बारेमा थोर–बहुत जानकारी भएको हुन्छ। तर शृङ्गार गर्ने सही तरिका र सौन्दर्य सामग्री एवम् औजारको सही प्रयोग गर्न जानेन भने नतिजा आफूले चाहेजस्तो हुँदैन र कहिलेकाहीँ हानि पुर्याउने पनि हुन्छ। त्यसकारण जो–कोहीले विशेष गरेर महिलावर्गले शृङ्गार गर्न जान्नु आवश्यक छ। यहाँ सही किसिमले अनुहारको शृङ्गार गर्ने केही तरिकाहरू उल्लेख गर्न चाहन्छु, जसले गर्दा आफूले चाहेजस्तो शृङ्गार होस्।

अनुहारको शृङ्गार

अनुहारको शृङ्गार गर्नु छ भने सर्वप्रथम अनुहार राम्रोसँग सफा गर्नुस्। अब अनुहारको सबै भागमा मोइश्चराइजर थोपा–थोपा गरी लगाउनुस् । उक्त लगाइएको मोइश्चराइजर औंलाको सहायताले चक्र प्रणालीअनुरूप सबैतिर एकनास हुने गरी फिजाएर लगाउनुस् । लगाएको मोइश्चराइजर अनुहारभरि एकनास होस् भनेर होसियारीसाथ ब्लेन्डिङ गर्नु पनि जरुरी हुन्छ, नत्र भने टाटेपाटे हुने डर हुन्छ। यसै गरी आई स्याडो लगाउने बेलामा पनि ब्लेन्डिङमा विशेष ध्यान दिनु जरुरी छ। मोइश्चराइजर या फाउन्डेसन ब्लेन्डिङ गर्दा अनुहारका साथै गर्दनको खाली भागमा पनि लगाउन जरुरी छ।



अनुहारमा कहीं–कतै दाग, काला धर्का अथवा अन्य नराम्रा धब्बा भएमा सही तरिकाले कन्सिलर प्रयोग गरी छोप्नुपर्छ । ब्रसको सहायताले राम्रोसँग कन्सिलर लगाइसकेपछि छालाको रङ्गसँग मिल्ने गरी फाउन्डेसन लगाउनुपर्छ । बेस लगाउने काम सकिएपछि हात या ब्रसको सहायताले एकनास हुने गरी अनुहारमा ट्रान्स्लुसेन्ट ९त्चबलकगिअभलत० पाउडर लगाउनुपर्छ। यसै गरी गर्दनमा पनि यो पाउडर लगाउन बिर्सनुहुँदैन। आँखालाई आकर्ष्क तथा सुन्दर बनाउनका लागि आई सेड मिसाएर लगाउन सकिन्छ। आई सेड लगाउने बेलामा आफूलाई सुहाउने प्रकारको आई सेडको छनोट गर्नु जरुरी छ। सही छनोट गरी लगाएको आई सेडले आफ्नो अनुहार निखार र आकर्षक देखिने हुन्छ। साथै पहिरनसँग सुहाउने पनि हुन्छ।

उच्चस्तरको शृङ्गारका लागि शृङ्गार गर्ने उपकरणहरू पनि उच्चस्तरको नै हुनु जरुरी छ। शृङ्गारमा प्रयोग गरिने ब्रसहरू विभिन्न प्रकारका हुनुका साथै उच्चस्तरको पनि हुनुपर्छ। नत्र भने ब्रसका रेसाहरू झर्न गई त्यसले शृङ्गारलाई नै बिगार्ने हुन्छ। ब्रस नरम खालको पनि हुनु जरुरी छ।यसै गरी शृङ्गारका अन्य सामग्रीहरू पनि उच्चकोटीको हुनु आवश्यक छ। उच्चकोटीको सामग्री भएमा छाला वा स्वास्थ्यमा कुनै प्रकारको समस्या उत्पन्न हुँदैन। शृङ्गारका जुनसुकै सामान किन्दा ती सामानको म्याद कहिलेसम्म छ भन्ने कुरामा विशेष ध्यान दिनुपर्छ। म्याद सकिएका सामग्रीले अनुहारको छालामा नकारात्मक असर पुर्याउँछ। यसबारेमा निकै सतर्क हुनुपर्छ। सकभर उच्चकोटीका ब्रान्डेड सौन्दर्य सामग्री को छनोट गरी प्रयोग गरेमा ती सामग्रीबाट छालामा हुन सक्ने हानिबाट बच्न सकिन्छ। साथै आफूले चाहेअनुसारको नतिजा पाउन सकिन्छ।

शृङ्गार गर्दा कुन अवसर वा उत्सवका लागि गर्ने हो, त्यसको पनि विचार गर्नु उत्तिकै आवश्यक छ। एकै प्रकारको शृङ्गार सबै उत्सवमा सुहाउने हुँदैन। यसै गरी आफ्नो छालालाई मिल्ने खालका शृङ्गारका सामग्रीहरू प्रयोग गर्नुपर्छ। सामान छनोट गर्न समस्या परेमा वा आफू अनभिज्ञ भएमा अनुभवी सौन्दर्य विज्ञको मद्धत लिन पनि सकिन्छ। जानेर वा नजानेर पनि गलत सामग्रीको छनोट हुन पुग्यो भने सुन्दर अनुहार पनि कुरूप हुन बेर लाग्दैन। त्यसैले लो–क्वालिटीका सौन्दर्य सामग्री प्रयोग गरेर शृङ्गार गर्नुभन्दा बरु शृङ्गार नै नगर्नु बेस भन्ने कुरालाई पनि सधैँ ख्याल राख्नुपर्छ।

**२०७५ साद भदौ १ गते देख लागु भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरू:**

- कसैको ज्यान मारेमा जन्मकैदसम्मको सजाय हुने,
- इजाजत प्राप्त नगरेको व्यक्तिले इलाज गरेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँम्म जरिबाना हुने तर त्यसरी इलाज गर्दा ज्यान मरेमा जन्मकैद र अंगभंगभएमा पन्ध्र वर्षसम्म कैद हुने,
- मञ्जुरी विना मानव शरीरमा कुनै परीक्षण गर्नेलाई तीन बर्षसम्म कैद र तिस हजार रुपैयाँम्म जरिबाना हुने तर त्यसरी परीक्षण गर्दा ज्यान मरेमा, ज्यान मारे सरह रअंगभंग भएमा अंगभंग भए सरह सजाय हुने।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

SamBriddhi
Real Estate - Kavre
helping you prosper
Registered Company under Gorkha Biz Pvt. Ltd & A Franchise of SamBriddhi Bikash Real Estate Investment Pvt. Ltd. (Trading as SamBriddhi Real Estate)

नेपालमै अन्तरास्ट्रिय स्तरको रियल स्टेट सेवा दिदै आएको कम्पनि '**सम्वृद्धि रियल स्टेट**' अब काभ्रेको बनेपामा र देश तथा विदेशमा गरि एक दर्जन भन्दा बडी आफ्नै शाखा तथा सम्पर्क कार्यालय सहित दक्ष र अनुभबी रियल्टरहरुको साथ '**सम्वृद्धि रियल स्टेट-काभ्रे**' को सुभारम्भ कार्यक्रममा **हार्दिक निमन्त्रणा** गर्दछौं।

**कार्यक्रम:**
मितिः २०७५ माघ ७ गते सोमबार
समय : बिहानको ११ बजे देखि
स्थान : संस्थाको कार्यालय, बनेपा–७ चारदोबाटो, (नेपाल इन्भेस्टमेन्ट बैंक संगैको भवन)
सम्पर्क : ०११–६६०१४७

**हाम्रा सेवाहरू:**
सरल ढंगबाट अन्तरास्ट्रिय स्तरको घरजग्गा कारोबार, पूर्वाधार निर्माण तथा निर्माण सामाग्रीको सप्लाई, प्रोपर्टी भाडा तथा लिजमा लिने दिने, आवाशीय घर तथा घडेरिहरुको बिकाश, घर जग्गाको उत्कृस्ट तथा बृहत बजारीकरण, रियल स्टेट इन्भेस्टमेन्ट, रियल स्टेट परामर्स तथा तालिम, हाउजिङ्ग लोनको व्यवस्था, बिस्वसनिय तथा न्युनतम सेवा शुल्क।

## हार्दिक अनुरोध

- रुघाखोकी,निमोनिया,श्वासप्रश्वास,हाइपोथर्मिया,फष्टबाईट समस्या देखिने भएकाले समयसमयमा डाक्टरको परामर्श लिने।
- बन्द कोठाभित्र बसेर आगो वा हिटर नताप्ने। राम्रोसँग हावा आवतजावत गर्ने कोठामा मात्र बसेर हिटर वा आगो ताप्ने।
- तातो पानी सकेसम्म धेरै पिउने। चिसो कुराको सेवन नगर्ने।
- भाईरल फ्लु लागेका मानिसबाट टाढै बस्ने।
- मौसमी फलफूल विशेषगरी भिटामिन सि युक्त फलफुलहरुको सेवन धेरै गर्ने।
- स्वासप्रश्वासका समस्या भएकाहरुले यो मौसममा विशेष सर्तकता अपनाउने र समयसमयमा चिकित्सकसंग परामर्श गरिरहने।
- बालबालिकाहरुलाई धेरै लुगा लगाएर गुम्स्याउनु हुँदैन। भित्रभित्रै तातो भएर धेरै पसिना आउँछ। त्यसैले चिसोले अन्य समस्या निम्त्याउन सक्छ।
- जाडो मौसममा तुँवालो लागेका बेला माक्सको प्रयोग गर्ने।
- हातगोडा र ओठ फुट्ने र छाला फुस्रो हुने समस्या भएमा मोस्च्युराइजर क्रिमको प्रयोग गर्ने

**मण्डनदेउपुर नगरपालिका,स्वास्थ्य शाखा**

साया अवार्ड एण्ड स्पोर्ट
गोदाम चोक, बनेपा–७, काभ्रे
सम्पर्क नं.: ९८५१२३२१०३, e-mail : sayaawards2019@gmail.com
सभा, समारोह तथा कार्यक्रममा प्रयोग हुने सबै सामान एकै ठाउँमा बनाइन्छ ।
(Delivery Also Available)
हाम्रा सेवाहरुः स्किङ प्रिन्ट, फ्लेक्स, व्यानर, मायाको चिनो, टिसर्ट प्रिन्ट कप प्रिन्ट, प्रमाण पत्र, भिजिटिङ्ग कार्ड, आई. डी कार्ड तथा सम्पुर्ण प्रिन्टिङ्ग र डिजाईनहरु गरिन्छ ।

Banepa Health Care Pvt. Ltd.
मधुमेह (चीनी) तथा थाइराइड रोग सम्बन्धि सुचना!
यदी तपाईमा तलका मध्ये कुनै पनि लक्षणहरु देखिएका छन अथवा मधुमेह अर्थात चीनी रोग तथा थाइराइडको समस्या छ भने तुरुन्त हामी कहाँ सम्पर्क गर्नुहोस् ।
- परिवारका कुनै सदस्यमा मधुमेह छ ?
- के हातगोडा पोल्छ वा झमझमाउछ ?
- के तिर्खा बढी लाग्छ वा छिटो-छिटो पिसाव लाग्छ ?
- के भोक धेरै लागे पनि तौल घट्दै गएको छ वा कमजोरी र थकान हुन्छ?
- के घाउचोट निको हुन वढी समय लाग्छ ?
- के महिनावारीमा गडवडी छ वा गर्व खेर गएको छ ?
- शरिरका जोर्नीहरु दुखेको छ वा आँखाको डिलहरु सुन्नेको छ अथवा उमेर अनुसार बच्चाको हाइट कम छ?
अग्रिम नाम दर्ता ०११-६६२१६२ ९८६९८४१८२६४ बनेपा हेल्थ केयर
यदी छ भने यस्तो अवस्थामा मधुमेह र थाइराइडको जोखिम उच्च रहन्छ । त्यसैले तपाईको यस्तै समस्या समाधान तथा उपचारका लागि यस बनेपा हेल्थ केयर प्रा. लि. ले
मिति २०७५ साल माघ ५ गते शनिवार बिहान ९:00 बजे देखि दिउँसो २:00 बजे
काठमाण्डौको बिर अस्पतालका वरिष्ठ इण्डोक्राइनेलोजिष्ट डा. अलर्क रजौरिया को सेवा उपलब्ध गराउन गइरहेको हुँदा समयमै आफ्नो नामदर्ता गराई ढुक्क हुनुहोस् ।
बनेपा हेल्थ केयर प्रा. लि. Banepa Health Care Pvt. Ltd.
Like & Share us : banepa health care pvt. ltd. main page
बनेपा ०८, मयुरहल जाने चोकमा सानिमा बैंक सँगैको घर।

मेरो टेलर्स
Sanjiv Thapa, Co-ordinator
Mobile: 9849073674
MERO TAILOR
Banepa-10, Chardobato Kavre
Phone : 011-663115
www.facebook/merotailorsbnp..com
Services
Special for Suiting & shirting, College & School Uniform, Hospital Uniform, Co-operative & Bank Uniform, Government Uniform, Government Teachers and Nepali Poshak [ Daura-Suruwal].
रेमण्ड, बेल्मोण्ट सियाराम्स, ग्वालियर चिनार, विमल मयुर, ओ.सि.एम एवं अन्य ब्राण्डहरु
Your Design & Your Style....

एस एण्ड एस फेन्सी स्टोर
बनेपा–७, चाँदनीचोक काभ्रे
चाँदनीचोक सपिङ सेन्टर (सटर नं. ४)
यहाँ लेडिज तथा बच्चाको कपडा सुपथ मूल्यमा पाइन्छ ।
सम्पर्क नं.
९८१३११९१२६, ९८६५९९८३४४

ADMISSION OPEN
MBS(TU) with Semester System
Program Features
- 40% internal evaluation
- Interactive lectures, students' participation, case studies and project work
- Provision of internship
- Industrial Visit, Guest Lecture
Extra Features:
- Multimedia based classes
- Well equipped sizeable library & E-library
- Field visit , project and research based activities
Free CMAT Preparation Classes
Freeborn GYANKUNJ COLLEGE
Affiliated to TU & NEB
Form distribution: 4th Poush to 8th Magh, 2075
CMAT EXAM: 19th Magh, 2075 (Saturday)
Time: 8.00AM
Phone: 011-663493, Fax: 011-661093
Website: www.gyankunj.edu.np, Email: fgyankunj@yahoo.com
SMS Service: To get any Current Information Please Type Gyankunj and Send to 4546